## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** रिट नं. ०६५-WO-०७८४, उत्प्रेषणयुक्त परमादेश, *रामजीप्रसाद रौनियार वि. राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयसमेत*

राष्ट्रिय वाणिज्य बैंकबाट पेश हुन आएको कर्जासम्बन्धी सक्कल फाइल हेर्दा मालपोत कार्यालय, रूपन्देहीबाट र.नं. १२५, मिति २०५४।४।६ मा निवेदकले विपक्षी बैंकको नाममा पारित गरी दिएको धितोबन्धक लिखतमा रामजीप्रसाद रौनियारका नाममा रहेको रूपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ६ को नापी नभएको ल.नं. ९९२ को ०-०-१४ र ऐ. नापी नभएको ल.नं. १९२४ को ०-०-३.२५ को जग्गा एवं सोमा रहेका घरसमेत सुरक्षणको रूपमा समावेश गरेको देखिन्छ । यसबाट ल.नं. ९९२ र १९२४ का जग्गा सुरक्षणमा नरहेको भन्ने निवेदन दावी पनि तथ्यहीन देखिँदा ऋण असूली न्यायाधिकरणबाट अन्तिम भैरहेको फैसला कार्यान्वयनको सिलसिलामा उक्त न्यायाधिकरणको ऋण असूली शाखाबाट निवेदकले राष्ट्रिय वाणिज्य बैंकबाट कर्जा लिँदा सुरक्षणमा रहेका जग्गाहरूको न्यूनतम् मूल्य कायम रहेको मिति २०६४।८।२३ को मूल्याङ्कन मुचुल्का र सो मूल्याङ्कनलाई सदर गरेको ऋण असूली न्यायाधिकरणको मिति २०६५।१०।१२ को आदेश एवं ऋण असूली पुनरावेदन न्यायाधिकरणको मिति २०६६।२।४ को आदेशमा कुनै कानूनी त्रुटि देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६९ साल फागुन २१ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- रिट नं. ०६५-WO-०७८५, उत्प्रेषणयुक्त परमादेश, *रामजीप्रसाद रौनियार वि. राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयसमेत*
- रिट नं. ०६६-WO-०८५३, उत्प्रेषणयुक्त परमादेश, *राजवन्तीदेवी रौनियार वि. ऋण असूली न्यायाधिकरण, हात्तीसार, काठमाडौंसमेत*
- रिट नं. ०६६-WO-०९१७, उत्प्रेषणयुक्त परमादेश, *मञ्जूदेवी रौनियार वि. ऋण असूली न्यायाधिकरण, हात्तीसार, काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** रिट नं. ०६७-WO-००४५, उत्प्रेषणसमेत, *राधादेवी अधिकारी वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

अदालतमा दायर भई नातातर्फ विवाद उठेको मुद्दामा वादी प्रतिवादीको नाताको यकीन गर्ने अधिकारक्षेत्र कानूनले सम्बन्धित जिल्ला अदालतलाई नै प्रदान गरेको पाइन्छ । जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दायर हुन आएको नागरिकताको विषयमा सत्य तथ्य पत्ता लगाई पाऊँ भन्ने निवेदनको आधारमा झूठ्ठा विवरण दिई नागरिकता लिएको भन्ने मुद्दा उठान गरी नाता यकीन गर्न प्रमुख जिल्ला अधिकारीले डि.एन.ए. परीक्षण गर्ने भनी गरेको आदेशबाट अदालतमा विचाराधीन मुद्दामा नातासम्बन्धी विवाद निरोपण गर्ने अदालतको अधिकारक्षेत्रको अतिक्रमण हुन जाने ।

अदालतमा विचाराधीन अंश मुद्दामा उठेको नातासम्बन्धी विवादलाई प्रत्यक्ष असर पर्ने गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट भएको आदेशलाई बदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।२।१४ को आदेश कानूनसम्मत् भएको हुँदा दीपकचन्द्र अधिकारी र राधादेवी अधिकारीका बीचमा काठमाडौं जिल्ला अदालतमा अंश मुद्दा परी

नातातर्फ विवाद रहेको अवस्थामा त्यसमा प्रभाव पर्ने गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंले डि.एन.ए. परीक्षण गर्ने भनी मिति २०६६।५।८ मा गरेको आदेश बदर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।२।१४ मा भएको आदेश त्रुटिपूर्ण नदेखिँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६९ साल फागुन २० गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६७-CR-०३६६, १०६५, जवर्जस्ती करणी, *नेपाल सरकार वि. राधिका महतरासमेत, तीर्थ डाँगा वि. नेपाल सरकार*

इन्कारीको वस्तुगत आधार अर्थात् सो इन्कारी मिसिल संलग्न सबूद प्रमाणजस्ता वस्तुगत आधारबाट समर्थित नभएसम्म न यो निर्दोषिताको आधार बन्न सक्तछ, न स्वयंमा प्रमाण । प्रमाणको अभावमा कुनै पनि कुराको पुष्ट्याई हुन सक्तैन । तसर्थ यस्तो आत्मगत इन्कारीलाई आधार मानेर यी प्रतिवादीलाई कसूरदार हैनन् भनी अनुमान गर्नु स्वाभाविक हुन नसक्ने ।

यी प्रतिवादी कसूरदार भएको नदेखिने प्रामाणिक अवस्थाको अभाव र मिसिल संलग्न प्रमाणहरू एवं त्यसको समग्र विवेचनाको आधारमा यी प्रतिवादीलाई कसूरदार ठहऱ्याई मुलुकी ऐन, जवर्जस्ती करणीको ३ नं. को देहाय ४ बमोजिम ५ वर्ष कैद सजाय हुने र यो नै ठूलो सजाय हुने हुँदा ऐ.को ३क नं. बमोजिम ५ वर्ष थप कैद सजाय हुने ठहर भएको अवस्था भए पनि सो ३क नं. बमोजिमको थप सजाय नगरी निज प्रतिवादीलाई ५ वर्ष मात्र कैद हुने भनी शुरूले गरेको ठहर सजायमा कुनै वस्तुगत आधार स्पष्ट उल्लेख भएको नदेखिएकोले र मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ३क नं. बमोजिम उक्त वारदातमा अन्य प्रतिवादीहरू समेतको उपस्थिति देखिई सो वारदात सामूहिकरूपमा भएको स्पष्ट देखिएको अवस्थामा जवर्जस्ती करणीको महलको ३क नं. बमोजिम थप कैद सजाय नगर्ने गरी भएको शुरूको फैसला मिलेको नदेखिई उल्टी हुने भई यी प्रतिवादीलाई मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ३क नं. बमोजिम थप कैद सजाय गर्नुपर्ने ।

प्रतिवादी रेखम शाहीले मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ४ नं. बमोजिम हुल हुज्जत गरेको, समाउनेदेखि अरू परिपञ्च मिलाएको भन्नेजस्तो अवस्था पनि वस्तुनिष्ठ आधार र स्वतन्त्र प्रमाणबाट पुष्ट्याई हुन नसकेको स्थितिमा केवल मनोगत आधारमा निजलाई कसूर गर्न मद्दत गरेको भनी कसूरदार ठहऱ्याउनु कुनै पनि दृष्टिकोणबाट न्यायोचित् हुन नसक्ने ।

प्रतिवादी राधिका महतराको हकमा पनि जवर्जस्ती करणीको ४ नं. को अवस्था नदेखिई घेरा हाल्ने, हुल हुज्जत गर्ने एवं अरू परिपञ्च मिलाउने क्रियाजस्ता क्रियाकलाप गरी निजबाट कसूर भएको देखिने सबूद प्रमाण मिसिल संलग्न कागजातबाट नदेखिएको अवस्थामा अर्थात् वस्तुनिष्ठ प्रमाणले कसूरको पुष्ट्याई नगरेको अवस्थामा केवल घरमा आएको देखेकै आधारमा कसूर गर्नमा मद्दत गरेको भनी भन्न नमिल्ने ।

प्रतिवादी तीर्थ डाँगाले जवर्जस्ती करणी गरेको पुष्टि हुन आएको हुँदा निजलाई मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ३ नं. को देहाय (४) बमोजिम भएको सजायमा मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ३क नं. बमोजिम थप सजाय कैद वर्ष ५ हुनेमा उक्त जवर्जस्ती करणीको महलको ३ नं. को देहाय ४ बमोजिम ५ वर्ष कैद सजाय ठूलो भएकोले ऐ.को ३क नं. बमोजिमको कसूर रहे पनि जम्मा ५ वर्ष मात्र कैद सजाय हुने ठहऱ्याएको शुरू जिल्ला अदालतको मिति २०६६।९।१ को फैसला उक्त जवर्जस्ती करणीको महलको ३क नं. बमोजिमको थप वर्ष ५ कैद सजाय नगरेको हदसम्म उल्टी गरी मुलुकी ऐन, जवर्जस्ती करणीको महलको

३ नं. को देहाय ४ बमोजिम ५(पाँच) वर्ष कैद तथा सोही महलको ३क नं. बमोजिमको थप ५ (पाँच) वर्ष कैद सजाय हुने ठहऱ्याएको र अन्य प्रतिवादीद्वय रेखम शाही र राधिका महतराको हकमा शुरूले निजहरूको हकमा गरेको सजाय मिलेको नदेखिई शुरू जिल्ला अदालतको फैसला उल्टी गरी यी प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम आरोपित कसूरबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६७।२।२६ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: कृपासुर कार्की

कम्प्युटर: बेदना अधिकारी

इति संवत् २०६९ साल चैत १९ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५-CI-०७२६, बकसपत्र दर्ता बदर, *विजयबहादुर शाहीसमेत वि. हरिप्रसाद पौडेल*

अंश मुद्दा चल्दाचल्दैका अवस्थामा बिक्री गरेकाले सर्वोच्च अदालतबाट प्रतिपादित (*नेकाप* २०५२, अङ्क १०, निर्णय नं. ६०९६) सिद्धान्तबमोजिम कानूनी मान्यता प्राप्त नगर्ने भन्ने पुनरावेदन जिकीर एवं निजका तर्फबाट बहस गर्ने कानून व्यवसायीहरूका बहस सम्बन्धमा विचार गर्दा यस अदालतमा मुद्दा दोहोऱ्याउने निवेदनमा तिलककुमारी शाहीलाई वादीले प्रत्यर्थी बनाइएको पनि पाईंदैन । जयबहादुर शाहीको मिति २०४८।९।१० मा अंश मुद्दाको फिराद परी मिति २०४८।१०।१२ मा तिलककुमारी शाहीले हालैको बकसपत्रको लिखतबाट हक हस्तान्तरण गरेकोमा उक्त अंश मुद्दाको जग्गा रोक्का राख्न मिति २०४९।२।४ मा निवेदन दिँदाका बखत नै निवेदन व्यहोरामा उल्लेख गरी थाहा जानकारी पाएकोमा २०५८ सालमा मात्र बकसपत्र बदरका लागि दावी लिई अदालत प्रवेश गरेको पाइन्छ । सो अंश मुद्दाको सर्वोच्च अदालतबाट फैसला हुँदा ठहर खण्डमा विवादित हक हस्तान्तरण भैसकेको जग्गाको सम्बन्धमा केही बोलेको पाईंदैन । यस अदालतबाट प्रतिपादित मुद्दा चल्दाचल्दैको अवस्थामा भएको कारवाहीले कानूनी मान्यता पाउन नसक्ने भनिएको उल्लिखित नजीरमा दाताको नाउँको दर्ता नै गैरकानूनी भएको मुद्दा परिरहेकोमा पछि सो दर्ता गैरकानूनी ठहर भएको पृष्ठभूमिमा उक्त सिद्धान्त कायम भएको देखिन्छ । प्रस्तुत मुद्दाको तथ्यगत अवस्था हेर्दा प्रतिवादी तिलककुमारी शाहीका नाउँको दर्ता रहेको जग्गा हक हस्तान्तरण गरेको देखिएको र सो बदरका लागि वादीको कानूनद्वारा निर्धारित हदम्यादभित्र फिराद नपरेको अवस्थामा सो मुद्दाभन्दा फरक तथ्य रहेको परिप्रेक्ष्यमा उक्त नजीर प्रस्तुत मुद्दामा आकर्षित हुन नसक्ने ।

विवेचित आधार प्रमाणबाट फिराद पत्रमा उल्लिखित विवादित कि.नं. १७८६ र १७८४ को जग्गाहरू प्रतिवादी तिलककुमारी शाहीको मिति २०४८।१०।१२ मा नै हालैको बकसपत्र पारित गरी प्रतिवादीमध्येका हरिप्रसाद पौडेललाई हक हस्तान्तरण गरेको कार्य वादीका पिता जयबहादुर शाहीले दायर गरेको अंश मुद्दामा मिति २०४९।२।४ मा जग्गा रोक्का राख्ने प्रयोजनार्थ निवेदन दिँदाका बखत उल्लेख गरेकाले सोही अवस्थामा वादीलाई थाहा जानकारी गराएकोमा मिति २०५८।४।२४ मा मात्र बकसपत्रको रोहबाट हक हस्तान्तरण गरेको सो लिखतको नक्कल सारेर हेर्दा थाहा पाएको आधार लिई सोही मितिबाट हदम्याद कायम गरी मिति २०५८।५।१३ मा दायर फिराद मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. र दान बकसको महलको ५ नं. को हदम्यादभित्रको नदेखिँदा हदम्यादको आधारमा फिराद खारेज हुने ।

इजलास अधिकृत: गायत्रीप्रसाद रेग्मी

कम्प्युटर: मञ्जिता ढुंगाना

इति संवत् २०७० साल जेठ ६ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६५-CI-०७२७ फैसला बदर, *विजयबहादुर शाहीसमेत वि. हरिप्रसाद पौडेल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६८-WO-०१८९, उत्प्रेषण, *रामचन्द्र सिलवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकले प्रवन्ध सञ्चालक पदमा मिति २०६७।२।२८ मा नियुक्ति पाई कार्यरत् रहिरहेको अवस्थामा मन्त्रालयमा हाजीर गराउने भनी गरेको निर्णय र पदबाट हटाउने मनसाययुक्त स्पष्टीकरण सोध्ने निर्णय र पत्र तत्काल कार्यान्वयन नगर्नु, नगराउनु भनी यस अदालतबाट अन्तरिम आदेश जारी भई निज २ वर्षसम्म प्रवन्ध सञ्चालकको पदमा रहे भएको देखिन्छ। यसबाट निजलाई तोकिएको कार्यकाल सम्पन्न नै भएको देखिँदा जुन प्रयोजनको लागि दावी लिई निवेदन पेश भएको हो, सोको उपभोग भई समयसमेत व्यतीत भैसकेपछि सोही काम कार्यान्वयन गर्नु भन्ने आदेश जारी गर्नुको कुनै अर्थ नरहने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत अम्बिका निरौला

कम्प्युटर: विश्वराज पोखरेल

इति संवत् २०६९ साल फागुन १३ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६८-WO-०८५२, उत्प्रेषणयुक्त परमादेश, *अम्बिका दाहालसमेत वि. मन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

हाल सेवा प्रदान गरिरहेको उपस्वास्थ्य चौकीलाई स्तरोन्नति गरी अर्को स्थानमा सार्ने कार्यले सो उपस्वास्थ्य चौकीबाट स्वास्थ्य सेवा लिइरहेका व्यक्तिहरूलाई असर पर्ने हुँदा सरकारले सेवा विस्तार गर्ने नाममा भैरहेको उपस्वास्थ्य चौकी बन्द गरी अर्को स्थानमा सार्नुभन्दा अर्को सेवा केन्द्र सञ्चालन गरेमा सेवा विस्तार भई बढी भन्दा बढी व्यक्तिहरू लाभान्वित हुने देखिन्छ। वडा नं. ३ मा २०५२ सालदेखि सञ्चालनमा रहेको उपस्वास्थ्य चौकी भएको स्थानमा जग्गा क्षेत्रफल ३-५-२ रहेको, उपस्वास्थ्य चौकीको आफ्नै भवन भएको र विभिन्न व्यक्तिहरूले स्वास्थ्य सेवा लिइरहेको देखिएबाट सो केन्द्रलाई बन्द गरी अन्यत्र सार्ने कामले सेवा लिइरहेका व्यक्तिलाई असर पुऱ्याउने कार्य न्यायसङ्गत् मान्न सकिँदैन। सरकारले स्वास्थ्य सेवा दिने उपस्वास्थ्य चौकीलाई स्वास्थ्य चौकीमा स्तरोन्नति गर्ने भन्ने निर्णय भई सोको बजेटसमेत बाँडफाँड भई ठेक्का लगाउने प्रक्रिया अगाडि बढी ठेकेदारसँग भवन बनाउने सम्झौतासमेत भएर ठेकेदारलाई पेश्की रकमसमेत भुक्तान भैसकेको देखिन्छ। राज्यले जनताहरूलाई स्वास्थ्य सेवा प्रदान गर्नका लागि अधिक भन्दा अधिक सेवा केन्द्रहरू स्थापना गर्नसक्ने कुरामा दुईमत हुन सक्दैन। जनतालाई सहज र सरलरूपमा स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि झौखेल गा.वि.स. वडा नं. ३ मा उपस्वास्थ्य चौकी रहँदारहँदै ऐ. वडा नं. ६ मा पनि स्वास्थ्य चौकी स्थापना गर्न नसक्ने भन्ने हुँदैन। अर्को स्थानमा स्वास्थ्य चौकी स्थापना गर्दा यी निवेदकहरूलाई तथा वडा नं. ६ समेतका जनताहरूलाई कुनै किसिमको क्षति हुने पनि हुँदैन। वडा नं. ६ मा निर्माण भई सञ्चालन हुने स्वास्थ्य चौकीले बढी भन्दा बढी व्यक्तिहरूले स्वास्थ्य सेवा पाउनसक्ने नै देखिन्छ। त्यसैले वडा नं. ६ मा स्थापना गर्ने भनिएको स्वास्थ्य चौकी बनाउने कार्य पनि रोक्नुपर्ने अवस्था देखिन आएन। त्यसैगरी वडा नं. ३ मा २०५२ सालमा स्थापना भई सञ्चालनमा रहेको उपस्वास्थ्य चौकी बन्द गरी अन्यत्र सार्नुपर्ने औचित्यता पनि पुष्टि हुन नआउने।

उपरोक्त आधार र कारणबाट जनताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने स्वास्थ्य सेवा निवेदकहरूले पूर्ववत् पाउनु पर्ने हुँदा भक्तपुर जिल्ला झौखेल गा.वि.स. वडा नं. ३ मा रहेको उपस्वास्थ्य चौकी बन्द गरी स्तरोन्नति गरी अर्को स्थान ऐ वडा नं. ६ मा स्वास्थ्य चौकी बनाई सार्ने कार्यले निवेदकहरूले पहिलेदेखि पाइरहेको सेवा प्रभावित

हुने देखियो। भक्तपुर जिल्ला भ्ौखेल गा.वि.स. वडा नं. ३ मा रहेको उपस्वास्थ्य चौकी बन्द नगर्नु, अन्यत्र नसार्नु, पूर्ववत् सञ्चालन गर्नु भनी विपक्षी नेपाल सरकार, स्वास्थ्य मन्त्रालयका नाममा परमादेशसमेत जारी हुने।

नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले भक्तपुर जिल्ला, भ्ौखेल गा.वि.स. वडा नं. ६ मा निर्माण प्रारम्भ गरिसकेको स्वास्थ्य चौकीले थप जनसमुदायलाई स्वास्थ्य सेवा उपलब्ध गराउने हुँदा सो स्वास्थ्य चौकीको निर्माण कार्य रोक्नुपर्ने देखिएन। हाल वडा नं. ३ मा सञ्चालित सेवालाई विस्थापित वा प्रभावित नहुने गरी आवश्यकताअनुसार वडा नं. ६ मा निर्माणाधीन स्वास्थ्य चौकीसमेत सञ्चालनमा ल्याउन बाधा पर्ने गरी नेपाल सरकारबाट भएका निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिरहन नपर्ने।

इजलास अधिकृतः अम्बिका निरौला

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल फागुन १७ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६९-WH-००५६, बन्दीप्रत्यक्षीकरण, *मिलन लामा वि. श्री जिल्ला कारागार कार्यालय, रामेछापसमेत*

अड्डामा एक पटक आफू तिलकबहादुर तामाङ भन्ने मिलन लामा नै रहेको र तत्काल मुद्दा दायर हुँदा आफ्नो नागरिकता प्रमाणपत्र नलिएको हुँदा तिलकबहादुर तामाङ लेखेको र पछि मिलन लामाको नामबाट नागरिकता लिएको तथ्य स्वीकार गरी आफू सोही कसूरमा कैद सजाय ठहर भएको व्यक्ति भएको स्वीकार गरेपछि निज निवेदक विवन्धित हुने हुँदा रिट निवेदक नै तिलकबहादुर तामाङ हो पछि मिलन लामाको नामबाट नागरिकता लिएको हो भनी स्वीकार गरी सहीछाप गरेको देखिँदा त्यस्तो कागजलाई अन्यथा भन्न नसकिने।

निवेदकले कर्तव्य ज्यान मुद्दामा बयान गर्दा तिलकबहादुर तामाङ नाम उल्लेख गरेको र पछि नागरिकता प्रमाणपत्र लिँदा मिलन लामा नाम राखी आफ्नो नाम फरक राखेको मात्र कारणले उसले आफ्नो फौजदारी कसूरको दायित्वबाट उम्कन पाउनसक्ने अवस्था हुँदैन। सम्बन्धित प्रहरी कार्यालयबाट थप जाँचबुझ गरी अदालतमा बुझाएपश्चात् निवेदकले अदालतमा गरेको कागजका आधारमा यी रिट निवेदक मिलन लामा नै कर्तव्य ज्यान मुद्दाको कसूरदार तिलकबहादुर तामाङ रहेछन् भन्ने यकीन गरी उक्त मुद्दामा भएको सजाय कार्यान्वयन गर्न थुनामा राखेको देखिँदा यी रिट निवेदकलाई कानूनबमोजिम थुनामा राखेको देखिने।

फैसला कार्यान्वयनको सन्दर्भमा साधिकार निकायबाट निवेदकलाई कसूरदार यकीन गरी नियमपूर्वक थुनुवा पूर्जी दिई कैद भुक्तान गरिरहेको र थुनामा राख्न थुनुवा पूर्जी दिने र लिने कार्यलाई स्वीकार गरी आफूलाई कसूरदार मानी एकपटक अड्डासमक्ष कबुलियतनामासमेत गरिसकेका निवेदक मिलन लामा नै सर्वोच्च अदालतबाट मिति २०५९।२।२७ मा फैसला भएको २०५३ सालको फौ.पु.नं. १५५९ को कर्तव्य ज्यान मुद्दामा कसूर ठहर भएका तिलकबहादुर तामाङ भएको देखिँदा प्रस्तुत रिट नवेदन खारेज हुने।

इजलास अधिकृतः अम्बिका निरौला

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल फागुन १५ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-१०८९, **उत्प्रेषण परमादेश,** *नेत्रबहादुर के.सी. वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालयसमेत*

मोटरसाइकलको नामसारी नगरिदिएको तथा ब्लुबुक र नम्बरसमेत विपक्षी कार्यालयहरूले प्रदान नगरिदिएको भन्ने दावीसहित निवेदकले प्रस्तुत रिट निवेदन दायर गरेको देखियो। विवादित मोटरसाइकलको रेकर्ड यो यस्तो अवस्थामा छ भनी सोको रेकर्ड निवेदकले देखाउन सकेको देखिन्न। विवादित मोटरसाइकल आफूले चाइनिज

राजदूतावासबाट खरीद गरिलिएको भनी जिकीर गरे पनि सो विवादित मोटरसाइकल आयात गर्दाको प्रज्ञापनपत्र भए सोको प्रमाण खोली शुरू दर्ताको लागि सम्बन्धित कार्यालयमा माग गर्न सक्नेमा सो गर्न सकेको पनि देखिएन । विवादित मोटरसाइकल कहिले प्रज्ञापनपत्र भरी आयात भएको हो र यातायात व्यवस्था कार्यालयमा दर्ता भएको हो भन्ने खुलाउनु पर्नेमा सो गर्न सकेकोसमेत देखिँदैन । प्रज्ञापनपत्र बमोजिमको विवरण खोली खुलाई आएमा कानूनबमोजिमको रीत पुऱ्याई निवेदकको मागबमोजिमको विषयमा कारवाही गरी दिनसम्म हुन्छ । यातायात व्यवस्था विभागबाट निर्णय हुँदा यातायात कार्यालय मोटरसाइकल बाग्मतीमा शुरू नयाँ दर्ताको रेकर्ड खोज्न लगाउने, रेकर्ड प्राप्त भएमा फाइलको अन्तिम कारवाही गर्न मिल्ने भन्ने समेतको निर्णय व्यहोरा भएको देखिँदा रेकर्ड फेला परेको अवस्थामा निवेदकको मागबमोजिम निजको मोटरसाइकलको ब्लुबुक नम्बर तथा सोको दाखेल खारेजका लागि आवश्यक कारवाही अगाडि बढाउन सक्ने ।

निवेदकको निवेदन व्यहोराबाट नै दावीको मोटरसाइकल चाइनिज राजदूतावासको नाउँमा दर्ता भएको भन्ने देखिँदैन । चाइनिज राजदूतावासले दावीको मोटरसाइकल आयात गरेको तर उसैले भन्सार प्रक्रिया पुऱ्याई निजको नाममा दर्ता गर्नुपर्ने र सोअनुसार अन्य व्यक्ति निकायलाई बिक्री गर्नुपर्नेमा सोसमेत नभएको अवस्था देखिन्छ । चाइनिज राजदूतावासले आफ्नो मोटरसाइकल प्रक्रिया पूरा नगरी बिक्री गर्नसमेत मिल्ने हुँदैन । यस्तो अवस्थामा यी निवेदकले दावी गरेको विवादित मोटरसाइकल चाइनिज राजदूतावासका नाममा दर्ता नै नभएको र दर्ता नै नभएको मोटरसाइकल बिक्री गर्नसमेत नमिल्ने भएबाट त्यस्तो विवादित मोटरसाइकलको भन्सार महसूल निवेदकले बुझाइसकेको भन्ने जिकीरका भरमा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल बैशाख ९ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६५-WO-००२१, उत्प्रेषणयुक्त परमादेश, *ऋषिकुमार पाण्डेसमेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत*

भूमिसुधार तथा व्यवस्थापन विभागबाट मिति २०६२।१०।१७ मा भएको परिपत्रको व्यहोरा हेर्दा सार्वजनिक महत्वको बाटोको रूपमा प्रयोग गरिने जग्गाको भोगको अवस्था र स्रेस्ताबीचको एकरूपता कायम नभएको भन्नेसमेत आधार लिई तत्कालीन श्री ५ को सरकार, (विभागीय मन्त्रीस्तर) बाट मिति २०६२।१०।१३ मा निर्णय भएको भनी सोबमोजिम गर्न गराउन मातहतका मालपोत कार्यालयहरूलाई परिपत्रसमेत गरेको देखियो । मालपोत कार्यालय, काठमाडौंको टिप्पणी व्यहोरा हेर्दा दावीको कित्ता जग्गाका सम्बन्धमा नापी शाखा डिल्लीबजारको मिति २०६४।९।२७ को पत्रसाथ प्राप्त फिल्ड प्रतिवेदनबाट हाल उक्त कित्ता बाटोको रूपमा प्रयोग भैरहेको र सो बाटो पक्की मोटरेबल बाटो भएको तथा सो बाटो गोर्खा अस्पतालसमेतले प्रयोग गरी आएको भन्ने समेतको आधार तथा अदालतको फैसलासमेतका आधारमा दावीको कि.नं. ८४८ को जग्गा बाटो कायम गरिदिने गरी पेश भएको र प्रस्तावबमोजिम जग्गाको लगत लगत कट्टा समितिबाट मिति २०६४।९।२९ को सिफारिशबमोजिम नेपाल सरकारका नाउँमा उक्त जग्गा बाटो कायम गरिदिने निर्णय भएको देखियो । पुनरावेदन अदालत, पाटनको मिति २०६२।४।१८ को फैसलालेसमेत यी रिट निवेदकले दावी गरेको कि.नं. ८४८ को जग्गामा साझा बाटोको अस्तित्व कायम गरी राखेको देखिन्छ । सोही फैसलाअनुसार काठमाडौं जिल्ला अदालतको मिति २०६३।५।१३ को

चलन पूर्जीसम्बन्धमा उक्त फैसलाअनुसार चलन पाउने ठहरेको काठमाडौं जिल्ला, काठमाडौं नगरपालिका, वडा नं. १७ कि.नं. ८४८, न.नं. १ को बाटो मिति २०६३।४।२८ मा डोरबाट चलन चलाई दिने गरी बाटो चलन पूर्जीसमेत दिएको मिसिल संलग्न उक्त चलन पूर्जी व्यहोराबाट समेत देखिएको यस्तो अवस्थामा साझा बाटोको रूपमा प्रयोग भएको जग्गालाई यी रिट निवेदकले दावी गरेकै भरमा सो जग्गा रिट निवेदकको निजी जग्गा मान्न मिल्ने नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल वैशाख १० गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६५-WO-०१७६, उत्प्रेषणयुक्त परमादेश, *सुवासबहादुर बुढाथोकी वि. समरी सैनिक अदालत, श्री कालीप्रसाद गण (ई) गौचर ब्यारेक, एयरपोर्ट, काठमाडौंसमेत*

आफ्नो प्रतिवादको लागि कानून व्यवसायी तथा साक्षी ल्याउने सम्बन्धमा यी निवेदक स्वयंले कालीप्रसाद गणका गणपतिसमक्ष पेश गरेको मिति २०६४।२।२८ को निवेदनमा नं. ५.५६ मि.मि. इन्सासको बाल राउण्ड ३५ र अन्य विभिन्न सरकारी सामानहरू बदनियतपूर्वक लिई आफ्नो बाकसमा राखिएको तथा सो लागेको अभियोगमा सजाय भोग्न तयार रहेको भन्ने व्यहोरा उल्लेख गरी कसूरमा सावित रहेको एवं आफ्नो तर्फबाट प्रतिनिधित्व गर्ने कानून व्यवसायी तथा साक्षीसमेत ल्याउन चाहन्न भन्ने व्यहोराको निवेदन दिएको देखिन्छ । मिसिल संलग्न कोर्ट अफ इन्क्वायरीसमक्षको बयानमा यी रिट निवेदकले जवाफ नं. ३ मा दावीको सामान लुकाएर ल्याएको भनी बयान गरेका तथा जवाफ १० मा समेत इन्सास राउण्ड ३५ र एस.एल. राउण्ड १ का बारेमा अन्यथा भन्न सकेको देखिन्न । सोही व्यहोराको बयान निजले समरी सैनिक अदालतसमक्ष दिएको तथा मुद्दाको प्रतिरक्षाको लागि प्राड विभागबाट हुने प्रतिरक्षाको लागि प्रतिनिधि तथा कुनै साक्षी ल्याउन चाहन्न भनी बयान गरेकोसमेत देखिन्छ । निजउपर लगाइएको अभियोगमा सावित रही आफ्नो साक्षी प्रमाणसमेत पेश गर्न चाहन्न भनी निजले कसूरमा साविती रहेबाट प्रमाणका आधारमा समेत समरी सैनिक अदालतले यी रिट निवेदकलाई सजाय गरेको र सो सजायलाई पुनरावेदन समितिबाट सदर भएको देखियो । यस्तो अवस्थामा आफूलाई सुनुवाइको मौका प्रदान नगरी फैसला भएको भन्ने रिट निवेदकको जिकीर पत्यारलायक नहुनुका साथै प्राकृतिक न्यायको सिद्धान्त उल्लङ्घन भएको छ भनी अर्थ गर्न नमिल्ने ।

समरी सैनिक अदालतबाट भएको निर्णयउपर परेको पुनरावेदनमा पुनरावेदन समितिबाट उक्त शुरूको निर्णय सदर भएपछि २०६५।६।८ मा प्रस्तुत रिट निवेदन पर्न आएको देखिन्छ । कानूनबमोजिमको निर्णयको जानकारी प्राप्त भएपछि रिट दायर गर्न त्यति लामो समय लाग्नुको उचित कारण रिट निवेदनमा उल्लेख भएको देखिँदैन । निवेदकले फैसलाको प्रति प्राप्त गर्न नसकेका कारण रिट दायर गर्न ढिला हुन गएको भनी रिट निवेदनमा उल्लेख गरे पनि विपक्षीले गरेको व्यवहारका सम्बन्धमा छुट्टै तहगत कारवाही गर्न सक्नेमा सो उपाय खोजेकोसमेत नदेखिने ।

निवेदकको तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीले बहसको क्रममा पुनरावेदन समितिका सदस्य ताजमान सिँहले निवेदकलाई सजायको सिफारिश गरेको पूर्व पुनरावेदन समितिमा आफै बसी निर्णय गरेको कानूनविपरीत छ भनी प्रश्न उठाए पनि पुनरावेदन समितिमा ताजमान सिँह पुनरावेदन तहमा सदस्य भै संलग्न भएको देखिन्छ र सोअघि निज यो रिट निवेदकको सजाय प्रक्रियाका सम्बन्धमा वा कुनै कारवाहीमा संलग्न भएको नदेखिँदा निज संलग्न भएको पुनरावेदन समितिले पुनरावेदन सुन्न नमिल्ने भनी भन्न नमिल्ने ।

यी रिट निवेदकउपर लगाइएको अभियोगका सम्बन्धमा तहतहको निकायबाट निजलाई कसूरदार

ठहऱ्याई सजाय भएको तथा रिटक्षेत्रबाट तथ्यमा प्रवेश गरी निर्णय गर्न नमिल्ने एवं समरी सैनिक अदालतले कानूनबमोजिम अपनाउनुपर्ने प्रक्रिया पूरा गरी गरेको मिति २०६४।३।३ को निर्णय र सो निर्णयलाई सदर गरेको पुनरावेदन समितिको निर्णयमा कुनै कानूनी त्रुटि नदेखिएकोले रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल वैशाख १० गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६६-WO-०७१५, उत्प्रेषणयुक्त परमादेश, *यज्ञमणि न्यौपाने वि. राष्ट्रिय अनुसन्धान विभागसमेत*

के कस्ता विषयहरू गोप्य राख्नुपर्ने र के कस्ता विषयहरू सरोकारवाला वा सर्वसाधारणका लागि प्रवाह गर्न सकिने भन्ने विषय कानूनले निर्धारण गरेबमोजिम हुन्छ । सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने उद्देश्य लिई सूचनाको हकसम्बन्धी ऐन, २०६४ लागू भएको प्रस्तुत पृष्ठभूमिमा उक्त ऐनको दफा ३ मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुने तथा सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने प्रत्याभूति गर्दै ऐनको दफा ३ को उपदफा ३ मा उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएता पनि सार्वजनिक निकायमा रहेको देहायको विषयसम्बन्धी सूचना प्रवाह गरिने छैन भन्दै नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल् पार्ने, अपराधको अनुसन्धान, तहकीकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने, विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल् पार्ने, व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने जस्ता सूचना प्रवाह नगर्नुपर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन भन्ने आधारभूत व्यवस्था गरी सूचनाको हक र त्यस्तो हक प्रत्याभूतिको व्यवस्थापनलाई समेत ऐनले स्पष्ट पारेको देखिन्छ । यद्यपि कतिपय विषयहरू जस्तो सुरक्षासँग सम्बन्धित विषयका हकमा सम्बन्धित संगठनले आवश्यक नीति अख्तियार गर्नसक्ने कुरामा विमती नरहने ।

अति आवश्यक सुरक्षासम्बन्धी विषय गोप्य राख्नुपर्ने भए एउटा कुरा हो तर, पदपूर्तिका सबै शर्त र सिद्धान्तहरू पनि गोपनीय राख्नुपर्ने औचित्य देखिँदैन । पारदर्शिताले सुरक्षालाई हरहालतमा अन्यथा असर पार्छ भन्ने कुरा गलत हो । सुरक्षा संवेदनशीलताको कुरा र सुरक्षा निकायको निमित्त प्रशासनिक कुराबीचको अन्तरलाई प्रस्तुत विषयमा हेर्नुपर्ने । यी निवेदकले राष्ट्रिय अनुसन्धान विभागको कामकारवाहीको गोपनीयता भङ्ग गर्ने गरी सो विषयहरूको सूचना माग गर्न आएको अवस्था निवेदन व्यहोराबाट देखिँदैन । सुरक्षा संवेदनशीलतालाई असर नपर्ने नियुक्तिका सेवा, शर्त र पदपूर्ति गर्ने तरिका जस्ता सर्वसाधारणको सामान्य जानकारीमा रहन सक्ने कुराहरूजति सूचना पहुँचभित्र नपार्न मिल्ने नदेखिएकोले त्यसको वर्गीकरण गरी सेवा गठनसम्बन्धी कानूनको सान्दर्भिक अंशमा सम्बन्धित ईच्छुक वर्गलाई पहुँच दिनु वाञ्छनीय हुन आउने हुँदा सो सम्बन्धमा यथोचित व्यवस्था गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउने ।

निवेदकले उठाएका अन्य कुराका हकमा निवेदक सिरिश पाठक विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय भएको उत्प्रेषण मुद्दामा यस अदालत विशेष इजलासबाट मिति २०६०।३।१९

मा आदेश हुँदा शान्ति सुरक्षाको प्रत्याभूतिको लागि बनाइएका सबै व्यवस्थाहरू सबैले थाहा पाउनुपर्ने प्रकृतिको हुनुपर्दछ भन्न नहुने, कानूनबमोजिम गोप्य राख्नुपर्ने ठहर भएका विषयहरूलाई प्रकाशित गर्न नपर्ने र सबैले सोको जानकारी पाउनु नै पर्छ र पाउने संवैधानिक हक नै हो भन्ने अर्थ गर्न नमिल्ने भन्ने सिद्धान्त समेत प्रतिपादन भएबाट निवेदकले माग गरेको विशेष सेवा नियमावली, २०४४ को सम्बन्धमा जानकारी पाऊँ भन्ने विषयका हकमा मागबमोजिम आदेश जारी गर्ने स्थिति समेत नभएकोले तथा निवेदकको मागबमोजिमको अवस्थासमेत प्रस्तुत रिट निवेदनमा विद्यमान नरहेकोले निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिली रिट निवेदन खारेज हुने ।

इजलाश अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्यूटर : बेदना अधिकारी

इति संवत् २०७० साल वैशाख १० गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CR-०४०१, ज्यान मार्ने उद्योग, *हिक्मतबहादुर चन्दसमेत वि. नेपाल सरकार*

दुई पक्षबीच विवाद भै झैझगडा भएको भए पनि पीडितहरूलाई मार्नुपर्नेसम्मको कारण भै वा मार्ने नै नियतले पीडितहरूलाई सांघातिक हमला गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिँदैन । पीडितहरूलाई मार्ने मनसाय र योजनासहित धारीलो हतियार प्रयोग गरी सांघातिक हमला गरेको भए त्यस्तो हतियार बरामद हुनुपर्नेमा सोसमेत हुन सकेको वा भएको भन्ने देखिँदैन । अभियोग दावीमा प्रतिवादीहरूको कार्य ज्यानसम्बन्धी महलको १५ नं. विपरीत भएको भन्ने दावी लिई अभियोगपत्र दायर भएको देखिन्छ । तर, वारदातको प्रकृति, घा जाँच केश फारामको व्यहोरा तथा मिसिल संलग्न अन्य तथ्यगत व्यहोरा र प्रमाणसमेतबाट प्रस्तुत मुद्दामा कुटपीटतर्फ मुद्दा चलाउनुपर्ने सम्मको स्थिति देखिने ।

वारदात भएको धेरै दिनपछि घा जाँच केश फाराम भएकोसमेत देखिएको र प्राप्त प्रमाणहरूबाट प्रतिवादीहरूले पीडितहरूको ज्यान मार्नेसम्मको कार्य गरी ज्यान मर्न नपाएको अवस्था नदेखिँदा प्रस्तुत मुद्दामा कुटपीटको वारदाततर्फ मुद्दा चलाउनु पर्नेमा ज्यान मार्ने उद्योगको दावी लिई मुद्दा दायर भएको देखिँदा वारदातमा धारिलो हतियार प्रयोग भएको भने पनि बरामद भएको भन्ने पनि नदेखिएको र वारदातको प्रकृतिबाट प्रस्तुत मुद्दामा कुटपीटतर्फ मुद्दा चलाउनु पर्नेमा ज्यान मार्ने उद्योगको वारदातमा प्रतिवादी हिक्मतबहादुर चन्द र दिगम्बर बोगटीलाई जनही ५ वर्ष कैद हुने ठहऱ्याई भएको शुरू कञ्चनपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६७।१२।२७ को फैसला उल्टी भै प्रतिवादीहरूले ज्यान मार्ने उद्योगको अभियोगबाट सफाइ पाउने ।

जाहेरवालाले कुटपीटतर्फ सकार गरी कारवाही चलाएमा यसै मिसिलबाट कारवाही हुने गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपीटमा परिणत गरी दावीबमोजिम गर्न यसै मिसिलबाट कारवाही गरिदिनु भनी प्रस्तुत मुद्दाको मिसिल शुरू कञ्चनपुर जिल्ला अदालतमा पठाई सोको जानकारी जाहेरवालालाई दिनू ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल वैशाख २ गते रोज २ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०२१८, अंश चलन, *लेखतबहादुर बुढाथोकीसमेत वि. दिलबहादुर बुढाथोकी*

कि.नं. १५७ को जग्गामध्ये केही जग्गा बिक्री भै हाल प्रतिवादी लेखतबहादुरको नाममा कि.नं. २०६, २६, ११३, र ११५ मा गरी कूल १८-८-३ क्षेत्रफल जग्गा बाँकी देखिन्छ । यसरी घरकी मूल अंशियारको रूपमा रहेकी गौरमायाको वादीबाहेक सबै छोराहरूको पैतृक सम्पत्तिबाट अंश पाइसकेको

देखिँदा निजको नामको सम्पत्ति प्रतिवादी लेखतबहादुरले लिखत पारित गरी लिइसकेको भए पनि एक अंशियारबाट अर्को अंशियारसम्म सरेकोसम्म देखिँदा सोही जग्गाबाट वादीलाई पनि पैतृक सम्पत्तिस्वरूप अंश दिलाईदिनु न्यायोचित् देखिँदा लेखतबहादुरलाई गौरमायाले गरिदिएको कि.नं. १५७ को २३-९-२ क्षेत्रफल जग्गाबाट वादीले तीनभागको एक भाग अंश पाउने अवस्था भएकोमा कि.नं. १५७ को जग्गामध्ये केही जग्गा प्रतिवादी लेखतबहादुरले बिक्री गरी हाल लेखतबहादुरको नामको कि.नं. २०६ को क्षेत्रफल ४-४-०, कि.नं. २६ को क्षे.फ. ४-१३-० कि.नं. ११३ को क्षे.फ. १-१४-१ र कि.नं. ११५ को क्षे.फ. ७-९-२ मा जग्गा बाँकी देखिँदा ती बाँकी जग्गाबाट वादीले ७-१३-३ रोपनी जग्गा अंश पाउने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः भाष्कर पञ्ज्ञानी

इति संवत् २०७० साल जेठ ८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-०५९७, ७०५, ०७१९, अंश, *दुर्गादेवी खड्कासमेत वि. सरोजकुमार खड्कासमेत, सरोजकुमार खड्का वि. शुभद्रादेवी खड्कासमेत, शुभद्रादेवी खड्कासमेत वि. सरोजकुमार खड्का*

प्रतिवादीहरू जमुनादेवी तथा संदीपकुमारले मिति २०५०।६।३ मा अंश भरपाईको लिखत गरी लिँदा मधेशतर्फबाट आफूहरूले पाउने अंश लिए पनि धरानतर्फको घरजग्गाबाट अंश लिन बाँकी रहेको भन्ने स्पष्ट उल्लेख गरेको देखिएबाट धरानको घरजग्गाबाट निज प्रतिवादीहरूले पनि अंश पाउने देखिँदा निजहरूलाई पनि बण्डा गरी दिनुपर्ने देखिन आयो । तसर्थ, प्रतिवादी शुभद्रादेवीको नाममा रहेको धरानको घरजग्गाको हकमा दुई भागको एक भागमध्येबाट विवाह हुन बाँकी अंशियारको विवाह खर्च पर सारी छ भागको एक भाग अंश वादीले पाउने ।

मिति २०५०।६।३ मा अंश भर्पाई गरी अलग भएका प्रतिवादी समीक्षाको अस्तित्व नदेखिए पनि हाल निजको जन्म भई अविवाहिता अवस्थामा रहेकी र मिति २०५०।६।३ को अंश भरपाई हुँदा निजले अंश पाउने अवस्था नरहेबाट निजले आफ्नो बाबुको सम्पत्तिबाट अंश नपाउने भन्न नमिल्ने हुँदा अंशबण्डाको १ नं. र ११ नं. समेतको आधारमा पहिले अंश भरपाई हुँदा अस्तित्वमा नदेखिएको प्रतिवादी समीक्षालाई प्रतिवादी जमुनादेवीले पाएको अंशभागबाट दिलाई दिन मिल्ने नदेखिँदा प्रतिवादी समीक्षालाई पनि अंशियार कायम गरी अंश दिलाई दिने ठहर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

मिति २०६२।२।५ लाई मानो छुट्टिएको मिति कायम भएको र उक्त जग्गा प्रतिवादी दुर्गादेवीले मिति २०६२।२।२७ मा खरीद गरिलिएको देखिन्छ । सो सम्पत्ति खरीद गर्दा पैतृक सम्पत्ति लगानी भएको भन्ने पनि प्रमाणित हुन सकेको छैन । लगानी पैतृक भई पैतृकबाट बढे बढाएको वा पैतृकबाट रूपान्तरण भएको सम्पत्ति भन्ने कुरा वादी पक्षले प्रमाण दिन सकेको अवस्था छैन । तसर्थ, अंशबण्डाको १८ नं. अनुसार मानो छुट्टिएको मितिपश्चात् प्रतिवादी दुर्गादेवीले खरीद गरेको जग्गा देखिँदा उक्त जग्गा बण्डा गर्न कर नलाग्ने हुँदा सो जग्गा बण्डा लाग्ने अवस्थाको नदेखिने ।

वादीले आफ्नो पिता प्रतिवादी शुभद्रादेवीको छोरा डम्बरबहादुरको नामको सम्पत्तिबाट अंश माग गरेको अवस्था भएकोमा निज डम्बरबहादुरको लागि निजको आमा शुभद्रादेवीको नाममा जुनसुकै व्यहोराबाट प्राप्त भएको सम्पत्ति भए पनि पैतृक सम्पत्तिसरह हुने र बाबु आमाको नाममा जुनसुकै व्यहोराबाट प्राप्त भएको भए पनि पत्नी छोराछोरीले पैतृक सम्पत्तिसरह त्यस्तो सम्पत्तिबाट अंश पाउने भनी *नेकाप* २०६४, नि.नं. ७८१४, पृष्ठ १४० मा कानूनी सिद्धान्त प्रतिपादन भैरहेको अवस्था देखिन्छ । डम्बरबहादरुले पाउने अंश भागबाट अंश पाऊँ भनी यी वादीले अंश माग गरेको अवस्था हुँदा सो नजीर सिद्धान्तअनुसार धरानको सम्पत्तिबाट वादीले अंश पाउने ।

प्रतिवादी जानुकादेवीले मिति २०५०।६।३ को अंश भरपाईबाट मधेशतर्फबाट आफूले पाउने सम्पत्ति पाइसकेको भन्ने देखिएको तथा प्रतिवादी दुर्गादेवीले उक्त जग्गा मानो छुट्टिएको मिति २०६२।२।५ पश्चात् मिति २०६२।२।२७ मा राजीनामा गरी लिएको देखिँदा मानो छुट्टेको मितिपश्चात् खरीद भएको उक्त जग्गा अंशबण्डाको १८ नं. ले बण्डा लाग्ने प्रकृतिको नदेखिने ।

डम्बरबहादुरले ऋण लिँदा धितो राखी ऋण लिएकोमा उक्त ऋण नतिरे बैंकले सोही जग्गाबाट आफ्नो ऋण असूलउपर गर्नसक्ने अवस्था भएबाट र सो सम्बन्धमा विवाद परी साहूको तर्फबाट नालिस परेको भन्ने देखिँदा सो ऋण रकमको सम्बन्धमा सोही मुद्दामा ठहरेबमोजिम हुने ।

मोरङ होक्लाबारी वडा नं. २(क) को कि.नं. ७४७ र ७४८ को जग्गा प्रतिवादी जमुनादेवी र प्रतिवादी संदीपसमेतलाई अंश नलाग्ने र ऐ.कि.नं. ७३०, ७२७ र ७२५ को सम्पत्तिमध्ये दुई भागको एक भागमध्येबाट विवाह खर्च पर सारी चार भागको एक भाग अंश र धरान वडा नं. ९(ख) को कि.नं. ८३७ र कि.नं. ७९० को सम्पत्तिमध्ये दुई भागको एक भाग मध्येबाट विवाह खर्च पर सारी छ खण्डको एक खण्ड वादीले अंश पाउने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः भाष्कर पंज्ञानी
इति संवत् २०७० जेठ ८ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CI-०५९८, लिखत दर्ता बदर, *दुर्गादेवी खड्कासमेत वि.शुभद्रादेवी खड्कासमेत*
- ०६७-CI-०७०६, लिखत दर्ता बदर, *सरोजकुमार खड्का वि. शुभद्रादेवी खड्कासमेत*
- ०६७-CI-०७२०, हालैको बकसपत्र लिखत दर्ता बदर दर्ता कायम, *शुभद्रादेवी खड्का वि. सरोजकुमार खड्कासमेत*

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०७०१, उत्प्रेषणयुक्त परमादेश, *रामबहादुर सिँह वि. सामान्य प्रशासन मन्त्रालयसमेत*

निजामती सेवा ऐन, २०४९ को दफा ३३ को उपदफा (१) मा ५८ वर्ष पूरा भएको निजामती कर्मचारीले निजामती सेवाबाट अनिवार्य अवकाश पाउने व्यवस्था गरेको छ । सोही दफाको उपदफा (३) मा यस दफाको प्रयोजनको लागि निजामती कर्मचारीको उमेर यकीन गर्दा निजले सेवामा प्रवेश गर्दा पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र वा सिटरोलमा लेखिएको उमेरमध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ, सोही आधारमा उमेरको गणना गरिनेछ भन्ने व्यवस्था उल्लेख भएको पाइन्छ । निजामती किताबखानाले समयमा नै निवेदकलाई अवकाश हुने मितिबारे सूचना नदिएबाट निज सो अवधिभन्दा बढी अवधि सेवामा रहेकै कारणले मात्र अवकाश पाउने मितिको सम्बन्धमा ऐनले गरेको उपरोक्त किटानी व्यवस्थालाई अन्यथा हुने गरी निवेदकको मागबमोजिम मिति २०६८।५।१९ गतेलाई अवकाश मिति कायम गर्नु कानूनसम्मत् नदेखिने ।

अदालतले कानूनको व्याख्यासम्म गर्ने हो, कानून नै संशोधन गर्ने होइन । निजामती सेवा ऐन, २०४९ को दफा ३३(३) आफैँमा सुस्पष्ट छ । यसमा कुनै व्याख्याको आवश्यकता छैन । अतः मिति २०६७।२।४ गतेलाई निवेदकको अवकाश मिति कायम रहेको निजामती किताबखानाको कामकारवाहीलाई अन्यथा भन्न नमिल्ने ।

निवेदकले अनिवार्य अवकाश पाउने मितिपश्चात् नेपाल सरकारले कानूनतः सेवाबाट अवकाश पाइसकेको कर्मचारीलाई बढुवा गरे पनि निवेदकको उक्त बढुवा कायम हुन नसक्ने ।

नोकरीबाट कानूनतः अवकाश नै पाइसकेको व्यक्तिले बढुवा पाउनसक्ने स्थितिलाई वैधता प्रदान गर्ने कार्य कानूनसम्मत् हुन नसक्ने ।

अधिकारको सिर्जना कानूनबाट मात्र हुन्छ। कुनै कार्यालय वा पदाधिकारीको भूल र लापरवाही जस्ता कार्य कसैको कानूनी अधिकार सिर्जनाको कारक बन्न नसक्ने।

तथ्यको भ्रम क्षम्य हुन्छ। कानूनको अज्ञानता मात्र क्षम्य हुँदैन। तर, तथ्यहरूबाट उत्पन्न भ्रम क्षम्य हुन्छ। आफूले कुन मितिमा नागरिकता लिएको हो भन्ने तथ्य सम्बन्धित व्यक्तिलाई सदैव जानकारी नहुन सक्दछ। शैक्षिक योग्यतासम्बन्धी कुन प्रमाण पत्रमा कुन मिति लेखिएको छ। त्यो सबै थाहा हुनै पर्दछ भन्न सकिँदैन। तीन अलगअलग मितिसम्बन्धी तथ्य व्यक्तिको सम्झनामा रहिरहन नसक्ने अवस्था अस्वाभाविक नहुने।

निजामती कर्मचारीको वैयक्तिक विवरण राख्ने जिम्मेवारी र दायित्व निजामती सेवा ऐन, एवं नियमावलीअनुसार निजामती किताबखानाको भएकोमा विवाद छैन। निजामती किताबखानाले निवेदकले मिति २०६७।२।४ देखि अनिवार्य अवकाश हुने भन्ने सूचना सो मितिपूर्व निवेदकलाई दिएको भन्ने देखिन नआउने।

अवकाश भएको मितिसम्म अर्थात् मिति २०६८।५।१९ सम्म निवेदक सीमा प्रशासन कार्यालय, दार्चुलामा कामकाज गरिरहेको भन्ने सो कार्यालयको लिखित जवाफबाट देखिन्छ। निजामती कर्मचारीले काम गरेको अवधिको तोकिएबमोजिमको पारिश्रमिक पाउनु उसको हक नै हो। कुनै छलकपट नगरी स्वाभाविकरूपमा आफ्नो कार्यालयमा कामकाज गरेको अवधिको पारिश्रमिक पाउँदैन भन्नु न्यायोचित् नहुनुका साथै श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताले समेत मिल्ने अवस्था नदेखिने।

निजामती कर्मचारीका अवकाशसमेतका सम्पूर्ण अभिलेख राख्ने निजामती किताबखानाले गरेको गल्तीको सजाय निवेदकले पाउनुपर्छ भन्नु न्यायसङ्गत् देखिँदैन। निजामती सेवा नियमावली, २०५० को नियम १२९ क को उपनियम (४) को निरपेक्ष प्रयोग गर्न मिल्दैन। कपटपूर्ण लिखत पेश गरी वा बढी सेवा अवधि बहाल रहने दुराशय राखी अन्य कुनै तरीकाले आफू अवकाश हुने अवधिभन्दा बढी सेवामा रही लिइएको तलब भत्ता भुक्तान लिने कर्मचारीका हकमा मात्र यो कानूनी व्यवस्था लागू हुने।

कानूनतः निवेदकको अवकाश मिति २०६७।२।४ कायम हुने भई सोपश्चात् भएको निजको बढुवा कामय नरहे पनि २०६८।५।१९ सम्म निज निष्कपट रूपले सेवामा कार्यरत् रहेको देखिएबाट सो अवधिसम्म काम गर्दा पाएको पारिश्रमिक र भत्तालगायतका रकमहरू निजले पाउने भएकोले अवकाश पाउने मितिपछि बढी अवधि सेवमा रहँदा लिए पाएका रकमहरू निवेदकले पाउने निवृत्तिभरणबाट असूल गरेर मात्र निवृत्तिभरण अधिकारपत्र बनाउने भनी निजामती किताबखानाले मिति २०६८।५।१९ मा लेखेको पत्र तथा मिति २०६८।८।२७ को निर्णयानुसार सोही मितिमा लेखिएको पत्र सो हदसम्मको व्यहोरा कानूनी त्रुटिपूर्ण देखिन आएकोले उत्प्रेषणको आदेशले बदर हुने।

मिति २०६७।२।४ लाई निवेदकको अवकाश मिति कायम गरी सो मितिमा निज बहाल रहेको पदअनुसारको हिसाबले पाउने निवृत्तिभरणलगायतका सुविधाहरूमा निजले लिए पाएको रकम कट्टा नगरी निजले कानूनबमोजिम पाउने अन्य सुविधा तथा रकमहरूसमेत दिई निवृत्तिभरण अधिकार (पेन्सन पट्टा) समेत उपलब्ध गराइदिनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः भाष्कर पंज्ञानी

इति संवत् २०७० साल वैशाख २९ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०७९८, अंश दर्ता, *रुद्रबहादुर ढकाल वि. शंकरकुमार ढकालसमेत*

वादीले शुरूमा फिरादपत्र दिँदाकै अवस्थामा प्रतिवादी जीतबहादुरलाई समेत सगोलको अंशियार देखाई तीन भागको एक भाग अंश दावी गरेको देखिन्छ। प्रतिवादी जीतबहादुरले प्रतिउत्तर

लगाउँदासमेत आफूले अंश पाइसकेको भन्ने प्रमाण पेश गर्न सकेको देखिँदैन । शुरू मिसिल संलग्न मिति २०६६।६।२१ को राजीनामाको प्रतिलिपिबाट जीतबहादुरले शंकरकुमारसँग अंशस्वरूप जग्गा पाएको भन्ने नदेखिई राजीनामाबाट जग्गा खरीद गरेको भन्ने देखिएको छ । लिखतको स्वरूप र व्यवहार गर्दा गरिने लिखतको प्रकृतिलाई हेर्दा अंशबण्डा र राजीनामाको लिखतको अर्थ, अस्तित्व, प्रयोजन र प्रयोगका हिसाबले फरक-फरक प्रकृतिको भएकोले प्रतिवादी जीतबहादुरले अंश पाएको लिखतको अभावमा प्रतिवादी जीतबहादुर प्रतिवादी शंकरकुमारसँग अलग बसेका रहेछन् भन्न मिल्ने अवस्था देखिएन । यसरी प्रतिवादी जीतबहादुर अलग छुट्टि भिन्न भएको भन्ने नदेखिएको अवस्थामा निजसमेत गरी तीन अंशियार कायम गरी वादीले तीन भागको एक भाग अंश पाउने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः भाष्कर पंज्ञानी

इति संवत् २०७० साल जेठ ८ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६८-CI-०६४०, ०७९९, अंश दर्ता, *जीतबहादुर ढकाल वि. शंकरबहादुर ढकाल, रुद्रबहादुर ढकाल वि. शंकरकुमार ढकालसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CI–०८२९, खिचोला मेटाई बाटो कायम, *सियावती यादवनीसमेत वि. लालबाबु यादवसमेत*

वादीले दावी गरेको जग्गा गाउँ ब्लकभित्रको देखिएको र उक्त जग्गामा विवादित बाटो रहेको भन्ने तथ्य नक्सा सरजमीन मुचुल्कालगायत वादी प्रतिवादीबीच सम्पन्न भएको बण्डापत्रलगायतका कागजहरूबाट समेत समर्थन हुन नआएको र सो स्थानमा साविकदेखिको चल्तीको बाटो रहेको भन्ने प्रमाणित नभएको अवस्थामा साविकदेखि बाटोको अस्तित्वमा नरहेको विवादित जग्गामा वादी दावीबमोजिम बाटो कायम गर्न नमिल्ने हुँदा वादी दावी नपुग्ने फैसला गर्नु पर्नेमा वादी दावीबमोजिम बाटो कायम गरिदिने ठहर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।६।२५ गतेको फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः भाष्कर पंज्ञानी

इति संवत् २०७० साल जेठ ७ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६६-CI-०८३०, मिलापत्र बदर, *सियावती यादवनीसमेत वि. लालबाबु यादवसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-०६०२, मोही प्रमाणपत्र, *हर्षकुमार सिँह वि. सोती धोबी साफी*

रम्पुरा मल्हनिया गा.वि.स. वडा नं. ७(क) कि.नं. २१२ को २-७-१२ जग्गाको दक्षिण पूर्वबाट ०-१२-९ जग्गाको चौहदीमा फरक परेको अवस्थामा उक्त जग्गा मोहीले पेश गरेको १ नं. लगत, २ नं. अनुसूची र ४ नं. जोताहा अस्थायी निस्सामा उल्लेख भएको जग्गा हो, होइन र भए कुनतर्फको हो भन्ने सम्बन्धमा प्रमाण बुझी नापनक्सासमेत गरी यकीन गर्नुपर्ने हुन्छ । प्रमाण बुझ्ने तथा नापनक्सा गर्नेलगायतका कार्य भए गरेको मिसिल संलग्न कागजातबाट देखिएन । यसर्थ मोही प्रमाणपत्र पाउने ठहर गरेको भूमिसुधार कार्यालय, सप्तरीको मिति २०६४।२।७ को निर्णयलाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।१।१३ को फैसला त्रुटिपूर्ण देखिँदा बदर गरिदिएको छ । अब फिराद प्रतिउत्तरको रोहमा जो जे बुझ्नुपर्ने हो बुझी पुनः कानूनबमोजिम निर्णय गर्नु भनी प्रस्तुत मुद्दामा तारिखमा रहेका पक्षहरूलाई पुनरावेदन अदाललत, राजविराजमा हाजीर हुन जानु भनी तारिख तोकी पठाइदिने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल जेठ २ गते रोज ६ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CI-०८८०, मानाचामल, *डा. राजाराम कार्की वि. उषा कार्की*

मानाचामल माग गर्नेले बढी रकमको दावी गर्ने र मानाचामल भराई दिनुपर्ने दायित्व भएको व्यक्तिले आफ्नो हैसियतभन्दा कम रकमका विषयमा प्रतिवाद गर्ने परिपाटी रहिआएको परिप्रेक्ष्यमा अदालतले त्यस्ता दावी र प्रतिवादको अन्तर्‌विरोधको चिरफार गरी एउटा केन्द्रविन्दुलाई आधार लिई भरिपाउने रकमको सीमा निर्धारण गर्नुपर्ने हुन्छ, जसले न्यायिक सन्तुलन कायम गर्न सकोस् । यस्तो सन्तुलन कायम गर्ने माध्यम प्रतिवादीको आर्थिक हैसियतले उचित दायित्वको सीमा निर्धारण गर्दछ । सो आर्थिक हैसियतका आधारमा वादीले मानाचामल भराई लिन पाउने कुरामा विवाद हुन नसक्ने ।

प्रतिवादीको मासिक आम्दानी रू. १,५०,०००।- रहेको भन्ने दावी छ । प्रतिवादी पेशाले डाक्टर रहेका र निजको आफ्नै पोलिक्लिनिकसमेत भई उक्त क्लिनिक सञ्चालन भइआएको तथ्यमा प्रतिवादीले इन्कार गर्न सकेका छैनन् । निजले यस अदालतमा गरेको पुनरावेदन जिकीरमा रकमका सम्बन्धमा अ.बं. १३३ नं. अनुसार कागज गराउनु पर्ने भन्ने उल्लेख गरेको देखियो । तर, यिनै प्रतिवादीका वारेश शिवकुमार श्रेष्ठले काठमाडौं जिल्ला अदालतसमक्ष मिति २०६४।५।२४ मा अ.बं. १३३ नं. अनुसार गरेको कागजमा आफ्नो दैनिक आम्दानी रू. ३०००।- रहेको भनी स्वीकार गरिसकेको अवस्थामा प्रत्येक पुनरावेदनको रोहमा सोही प्रक्रियामा निर्धारण गर्नुपर्ने भन्ने जिकीर औचित्यहीन छ । मानाचामलको रकम के कति निर्धारण गर्ने भन्ने कुराको कुनै गाणितीय मापदण्ड हुन सक्दैन । वादीको अवस्था र प्रतिवादीको हैसियत विचार गरी मिसिल संलग्न प्रमाणहरूका आधारमा अदालतले न्यायिक मन प्रयोग गरी सो निर्धारण गरिने हो । एउटा सक्षम अदालतले निर्धारण गरेको मानाचामलको निर्धारित रकम घटाउन वा बढाउन सम्बन्धित पक्षले समुचित आधार प्रमाण देखाउनुपर्ने हुन्छ । प्रतिवाद गर्दा वा बयान गर्दा नदेखाइएका आधार र प्रमाण पछि ग्राह्य हुन सक्तैन । प्रतिवादीको आम्दानीको स्रोतलाई विचार गरी साबालिग छोराहरूको अध्ययन खर्चको दावी अस्वीकार गर्दै वादीले प्रतिवादीबाट मासिक रू. १८,०००।- मानाचामल भराई पाउने भनी न्यायिक मन प्रयोग गरी ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला अन्यथा नदेखिँदा यस अदालतले हस्तक्षेप गरिरहन पर्ने अवस्था नदेखिँदा वादीले प्रतिवादीबाट मासिक रू. ३०,०००।- मानाचामल भराई पाउने ठहर गरेको शुरू काठमाडौं जिल्ला अदालतको मिति २०६५।३।२४ को फैसला केही उल्टी गरी वादीले प्रतिवादीबाट मासिक रू. १८,०००।- मानाचामल भराई पाउने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।५।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दीपक ढकाल

इति संवत् २०७० साल वैशाख ३१ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-WO-०१५५, उत्प्रेषण परमादेश, *अधिवक्ता ध्रुवप्रसाद चौलागाईं वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालयसमेत*

सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई संशोधन गर्न नेपाल सरकार ( मन्त्रीस्तर) बाट मिति २०६६।५।१ मा निर्णय भएपश्चात् यातायात व्यवस्था विभागले सर्वसाधारणको जानकारीको लागि विज्ञप्ति प्रकाशित गरेको र नेपाल सरकारको उक्त निर्णयअनुसार नै सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ मा दोस्रो संशोधन गरेको देखिँदा नेपाल सरकारले मिति २०६६।५।१ को निर्णय सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ सँग बाझिएको नदेखिने ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम अन्य उपचारको व्यवस्था नभएको वा भए पनि प्रभावकारी नभएको अवस्थामा कानूनी हकको प्रचलनको लागि सार्वजनिक हक वा सरोकार समावेश भएको विषयमा निवेदक अदालत आउन सक्ने नै हुन्छ । तर, जुन विवादलाई सार्वजनिक हक वा सरोकारको विवाद भनेर निवेदन दिइएको छ, त्यो विवादको विषयसँग निजको सार्थक सम्बन्ध (Meaningful Relation) वा तात्त्विक सरोकार (Substantial Interest) हुनै पर्छ । सार्वजनिक हक वा सरोकारको दावी लिई आउँदा सार्वजनिक प्रकृतिको विषयवस्तुमा निवेदकको के कसरी सार्थक सम्बन्ध र तात्त्विक सरोकार रहेको हो भन्ने कुरासमेत खुलाउन सक्नुपर्ने हुन्छ । निवेदकको सार्वजनिक विषयवस्तुसँग सार्थक सम्बन्ध र तात्त्विक सरोकार भै सार्वजनिक हक वा सरोकारसँग सम्बन्धित जनसाधारणको प्रतिनिधित्व सही रूपमा गर्न सक्नुपर्ने हुन्छ । प्रस्तुत विवादको विषय सवारी दुर्घटना बीमासम्बन्धी भएकोले निवेदकको सो विषयवस्तुसँग सार्थक सम्बन्धसमेत रहेको नदेखिँदा मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

इति संवत् २०७० साल वैशाख १९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RC-००५९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मानबहादुर महत*

प्रतिवादीले पुनरावेदन अदालतको फैसलाउपर पुनरावेदन गरेको अवस्था छैन । तर, निजले पुनरावेदन अदालतमा गरेको पुनरावेदनमा मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. को प्रतिरक्षाको जिकीर र उक्त अदालतले सो कुराको विवेचना गरी प्रतिवादीले सो सुविधा पाउनसक्ने अवस्थाको वारदात नभएको भनी प्रतिरक्षाको सुविधा प्रदान नगरी दावीबमोजिम कसूरदार ठहर गरेउपर साधकको रोहबाट पेश भएबाट सो विवादित प्रश्नको निरोपण गर्न आवश्यक हुने ।

प्रतिवादीले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष गरेको बयानमा अभिव्यक्ति हेर्दा यी प्रतिवादी घटना हुँदाका अवस्थामा मानसिक रूपले विक्षिप्त रहेको वा मानसिक सन्तुलन गुमाएको अवस्था देखिँदैन । आफूले आफ्नै आमामाथि गरेको जघन्य कर्तूतको सविस्तार उल्लेख गरेको हुँदा घटना हुँदाका अवस्था निजको मानसिक अवस्था सामान्य रहेको भनी सहज अनुमान गर्न सकिन्छ । वारदात हुनुभन्दा पहिलेको अवस्था वा घटनापछिका अवस्था नभई वारदात हुँदाको अवस्था दण्ड सजायको १ नं. प्रयोग हुने वा नहुने भन्ने कुराको निर्धारक हुने ।

दण्ड सजाको १ नं. प्रयोग गरी सजायबाट सम्बन्धित व्यक्तिलाई उन्मुक्ति दिइएका उदाहरण छन् । *नेकाप* २०४४, वैशाख नि.नं. २९७८ पृष्ठ ११० र *नेकाप* २०४५, कात्तिक नि.नं. ३५३१ पृष्ठ ७२८, यस सजायबाट उन्मुक्ति दिइएका केही उदाहरण हुन् । ती नजीरमा अन्तर्निहीत तथ्य हेर्दा अभियुक्त मानसिकरूपमा असन्तुलित भनी चिकित्सकले लेखिदिएको र अभियुक्त बिहानदेखि नाङ्गै हिँडडुल गरेको र रातमा स्वास्नीलाई घाइते पारी छोरालाई मारेको देखिन्छ । सजायमा उन्मुक्तिको दावी गर्नसक्ने स्थितिमा अभियुक्त नहुन पनि सक्छ । यस्तो अवस्थामा अभियुक्तले आफ्नो मानसिक स्थितिको परीक्षण गराइपाउन माग नै गरेको छैन भनी पन्छन मिल्दैन । यस्तो अवस्थामा अनुसन्धान अधिकारी तथा अदालतसमेतको अभियुक्त अपराध गर्दाको अवस्थामा कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको वा बहुलाएको छ, छैन अनुसन्धान अधिकारीलाई अनुसन्धानको क्रममा र अदालतमा मुद्दा पेश भएपछि निर्णयकर्तालाई परीक्षण गराउन आवश्यक लागेमा अभियुक्तको स्वास्थ्य परीक्षण गराउनुपर्ने हुन्छ । यस्तो आवश्यकता आरोपित व्यक्तिको क्रियाकलाप र विभिन्न मुचुल्कामा सम्मिलित व्यक्तिहरूको कथनबाट प्रकट हुन्छ । प्रस्तुत विवादमा शुरूको मानसिक अवस्थाको परीक्षण गराउन आवश्यक नसम्झेको स्थितिलाई अन्यथा भन्न सकिने अवस्था नहुने ।

प्रस्तुत मुद्दामा यी प्रतिवादीले मौकामा तथा अदालतमा घटनाक्रमहरू सिलसिलेवाररूपमा क्रमशः उल्लेख गरेको देखिन्छ । अदालतमा आई बकपत्र गर्ने प्रतिवादीको श्रीमती देवीमायालेसमेत घटनाअघि निज प्रतिवादीको परिवारसँग अन्य कुनै प्रकारको झैझगडा हुँदैनथ्यो, परिवार राम्रोसँग नै बसेका थियौं भनी बकपत्र गरेको अवस्था देखिन्छ । यी प्रतिवादीले जाँच गराएको प्रेसक्रिप्सनमा mental illness psychosis" को बिरामी रहेको भन्ने उल्लेख भए तापनि उक्त जाँच मिति २०६६।३।५ मा अर्थात् घटना भएको मिति २०६५।८।७ भन्दा सात महिनापछाडि भएको अवस्था हुँदा घटना भएको अवस्थाको प्रतिवादीको मानसिक अवस्थालाई उक्त परीक्षण प्रतिवेदनले चित्रित गर्न सक्दैन । कुनै पनि प्रमाणले प्रतिवादी वारदात हुँदाका अवस्थामा दण्ड सजायको १ नं. मा वर्णित अवस्थामा रहेको नदेखिने ।

प्रतिवादी मानबहादुर महत वारदात हुँदाको अवस्था मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. को कानूनी व्यवस्थाबमोजिम प्रतिरक्षाको जिकीर लिनसक्ने अवस्थाको व्यक्ति नहुँदा निजलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल जेठ ३ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RC-००५४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सञ्जीव भन्ने प्रकाश सुनार*

मृतक विवाहिता नारी भएकोमा निज र निजको लोग्नेबीच पारिवारिक सम्बन्ध सुमधुर नरहेबाट दुबैको आपसी सल्लाहअनुसार सम्बन्धविच्छेद् भई यी मृतक एकल महिलाको रूपमा रहेको भन्ने तथ्यसमेत यी मृतकसँग सम्बन्धविच्छेद् गरी बसेका टुकबहादुर गुरुङको भनाइबाट खुल्न आएको अवस्था छ । आफ्नो लोग्नेसँग सम्बन्ध विच्छेद् गरेकी यी मृतकले आफ्नो जीवनको सहारा खोज्नुलाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी प्रकाश सुनारको मृतकप्रति केवल कामवासनाले कपटी मित्र बनी स्वार्थ पूरा गरिरहेको भन्ने कुरा प्रकट हुन्छ । जब यी मृतकले विवाहको कुरा गरिन् यी प्रतिवादीले आफ्नो जीवनबाट सदाको लागि मृतकलाई हटाउन बलियो हतियारको रूपमा निजको ज्यान लिनु देख्दछ र सोहीअनुरूप आफ्नो कार्यमा सफलता प्राप्त गरेको छ । शारीरिक कामवासनामा लिप्त रहेका यी प्रतिवादीले मृतकलाई सोही कार्यमा मात्र प्रयोग गर्न खोजेको थियो, पत्नीको रूपमा स्वीकार गर्न होइन । यिनै तत्त्वहरूबाट उत्प्रेरित भएका यी प्रतिवादीमा मालालाई मार्नुपर्नेसम्मको आपराधिक नियतको सिर्जना भएको पाइने ।

आफ्नो स्वार्थविपरीत यी मृतकसँग विवाह गर्नुपर्ने वातावरण सिर्जना हुन लागेको कारणबाट मृतकलाई आफ्नो जीवनबाट सदाको लागि हटाउने योजनाकासाथ मार्ने नियतले नै मृतकले नै प्रयोग गर्ने गरेको सललें घाँटी कसी मारेको देखिन्छ । यस कुराको पुष्टि घटनाको प्रकृति मुचुल्का, मौकाको किटानी जाहेरी दरखास्त, मौकाका व्यक्तिहरूको कागज तथा बकपत्र, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको स्वीकारोक्ति बयानसमेतका प्रमाणहरूले यी प्रतिवादी प्रकाश सुनारले माला गुरुङको घाँटीमा सलले कसी कर्तव्य गरी मारी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं बमोजिमको कसूर गरेको शंकारहित तवरबाट पुष्टि हुन आएको देखिँदा प्रतिवादी सञ्जीव भन्ने प्रकाश सुनारले माला गुरुङलाई सलले घाँटी कसी मारेको देखिँदा निज प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद गर्ने गरी कास्की जिल्ला अदालतबाट मिति २०६८।३।४ मा भएको फैसला सदर गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६९।१।१८ को फैसला मिलेको देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७० साल जेठ ३ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RC-००६०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रविन्द्र दाससमेत*

मृत्युको कारणमा “Head Injury” उल्लेख भई प्रतिवादीको बयानसँग तादात्म्यता देखिन आएको छ । यसको साथै शव परीक्षण गर्ने विशेषज्ञ डा. द्वारिकाप्रसाद साहले शव परीक्षण प्रतिवेदनलाई समर्थन गरी अदालतसमक्ष बकपत्रसमेत गरेको देखिएबाट यी प्रतिवादीको अदालतसक्ष भएको इन्कारी बयान विश्वसनीय देखिन आएन । घटनास्थल तथा लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, विशेषज्ञको बसपत्रलगायतका प्रमाणबाट प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साविती बयान समर्थित हुन आएको छ । अनुसन्धान अधिकारीसमक्ष निजले गरेको बयानका सम्बन्धमा अदालतमा इन्कारी बाहेक अन्य स्वतन्त्र प्रमाणबाट चुनौती दिन निज प्रतिवादी असमर्थ रहेका छन् । यी प्रतिवादीउपरको अभियोगमा शंका गर्नुपर्ने अवस्था नहुँदा निज प्रतिवादी रविन्द्र दासलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

प्रतिवादी अशोक साहले वारदातको समयमा आफू प्रहरी चौकी धनौजीमा पक्राउ परी मिति २०६५।२।२६ मा रामवृक्ष साहको जिम्मा छाडिएको भनी जिकीर लिई निजले प्रहरी कार्यालय, धनुषा धनौसजको च.नं. १२८, मिति २०६५।३।२३ को पत्रको छायाँप्रति पेश गरेकोमा सो सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, धनुषाबाट छानबीन टोली गठन भई सो कार्यालयको च.नं. १२३ मिति २०६५।४।२० को पत्रबाट निज प्रतिवादी उक्त प्रहरी चौकीमा हिरासतमा नरहेको भन्ने देखिन आएको छ । अपराधबाट उन्मुक्तिको लागि प्रतिवादीबाट जुन प्रमाण पेश भएको छ, सोही तथ्य प्रमाणसहित खण्डन हुन नआएबाट निजले लिएको जिकीर कानूनसम्मत देखिन आएन । त्यसकारण निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई अन्यथा भन्न नमिल्ने देखिँदा निज प्रतिवादी अशोक साहलाई अभियोग मागबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०७० साल जेठ ३ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RC-००६१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खगीदेवी थामी*

मृतकको पञ्जाबाट भाग्न उम्कन सक्ने पर्याप्त अवस्था रहेको, मृतकको पञ्जाबाट सजिलै उम्केको अवस्थामा रीसको आवेगमा पटकपटक हँसियाले प्रहार गरेको हो भनी निजै प्रतिवादीले अदालतमा उल्लेख गरेबाट निजले लिएको जवर्जस्ती करणीको महलको ८ नं. बमोजिमको सतित्वरक्षाको जिकीर पुग्न नसक्ने ।

प्रतिवादी खगीदेवी थामी मगरले ताराबहादुर थामीमगरलाई हँसियाले प्रहार गरी कर्तव्य गरी मारेको तथ्य प्रतिवादीको साविती बयान एवं अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन आएको देखिँदा निज प्रतिवादी खगीदेवी थामीमगरलाई ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा सोही महलको १३(१) नं बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

छोराछोरीको आमासमेत भैसकेका आफ्नै बुहारीको संरक्षण गर्नुको बदला छोरा घरमा नभएको मौकाको फाइदा लिई यौन पिपासु बनी नाजायज शारीरिक सम्बन्ध राख्न आग्रह गरेको स्थितिमा त्यस्तो अनैतिक आग्रहको दबावमा पारिएकी यी प्रतिवादीमा मानवीय संयमता गुम्न जानु स्वाभाविकै हो । यी मृतक ससुराले बुहारीको यौन शोषण गर्ने पटकपटक प्रयास गरी अमानुषिक कार्य गरेबाट यी प्रतिवादीको मानवीय संयमता गुम्न गई उक्त घटना घटेको देखिन्छ । मृतकलाई मार्ने पूर्व रीस इवी र मनसाय यी प्रतिवादीमा रहे भएको देखिन आएको छैन । तर, करणीका आसयले मृतकको यी प्रतिवादीउपर यौनजन्य कर्तूत प्रदर्शित गरेकोमा

त्यस्तो कार्य हुन नदिन अरूको सहयोग प्राप्त हुनसक्ने सहज परिस्थितिको उपयोग नगरी सहजै निजको पञ्जाबाट उम्केको अवस्थामा समेत आवेगमा आई हत्या गर्ने कार्य भएको छ । यस परिप्रेक्ष्यमा न्यायकर्ताको स्वविवेकको रूपमा रहेको अ.बं. १८८ नं. को प्रयोग गरी न्यायिक सन्तुलन पनि कायम गर्नुपर्ने ।

आफ्नै ससुरा मृतकले नाजायज सम्बन्धको प्रस्ताव गर्दा त्यसबाट उत्पन्न हुनसक्ने भोलिको सामाजिक कलङ्क र लाञ्छना समेतबाट बच्न प्रतिवादीले मृतकलाई धारिलो हतियारले प्रहार गर्दा मृतकको मृत्यु भएको देखिनुको साथै भएको सत्य तथ्य व्यहोरा नलुकाईकन मौकामा तथा अदालतमासमेत स्पष्टरूपमा लेखाई न्यायिक कार्यमा सहयोग गरेको स्थिति तथा निजको पारिवारिक अवस्थालाई समेत विचार गर्दा निजलाई अभियोग माग दावीबमोजिम सजाय गर्दा चर्को पर्न जाने र ७ (सात) वर्ष कैद गर्दा पनि न्यायको उद्देश्य पूर्ति हुनजाने हुँदा निज प्रतिवादी खगीदेवी थामी मगरलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ७ (सात) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल जेठ ३ गते रोज ६ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०००५, जग्गा खिचोला, *प्रेमसिँह भण्डारी वि. लक्ष्मीदेवी भण्डारी*

वादीको जग्गाको सीमामा प्रतिवादीको कि.नं. २५४ को जग्गा रहेको कुरा वादीको भनाईबाट पनि देखिन आएको छ । वादी प्रतिवादीका साक्षीले पनि उल्लिखित ठाउँमा जग्गा विषयमा विवाद भएको भनी व्यक्त गरेका छन् । उल्लिखित जग्गा वादीका बाबुसँगबाट घरसारमा पाएको भन्ने प्रतिवादीको भनाइले उक्त जग्गाप्रति प्रतिवादी लालायित भएका रहेनछन् भन्न सकिएन । यसमा वादीका बाबुहरूसँगको लेनदेनबाट जग्गामा आफ्नो हकभोग हुनुपर्ने भन्ने भनाइ र वादी प्रतिवादी दुबैका साक्षीहरूले यी वादी प्रतिवादीको सोही विवादित जग्गामा विवाद भएको भनी बकपत्र गरेको अवस्थामा यी प्रतिवादीले जग्गामा खिचोला गरेको देखिने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुङ्गाना

इति संवत् २०७० साल वैशाख ८ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६५ सालको दे.पु.नं. ०६५-CI-०००६, जग्गा खिचोला, *प्रेमसिंह भण्डारी वि. फुत्ते भाटसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-CI-०२८३, नापी निर्णय स्रेस्ता बदरसमेत, *जगरनाथ चौधरीसमेत वि. कन्तिया कुर्मिनसमेत*

नक्सा मुचुल्कामा वादीको भोगमा न.नं. २ मा कि.नं. ११८ मा ज.वि. ०-०-१५-४ र न.नं. ३ मा ज.वि. ०-३-६-१३ जम्मा ज.वि. ०-४-२-१ भई वादीको भोगमा रहेको देखिई साविक कि.नं. ४९ को स्रेस्ताबाट देखिने ज.वि. ०-३-१५ र ट्रायल चेकबाट देखिने ज.वि. ०-४-२-० भन्दा पनि बढी नै क्षेत्रफल रहेको देखिन आउँछ । विवादित नं. ४ को जग्गा वादीको कायम गर्दा वादी स्रेस्ता तथा ट्रायल चेकबाट देखिँदाको जग्गाभन्दा धेरै नै कायम हुन जान्छ । नक्साको प्रकृति हेर्दा पनि वादीको जग्गा घुसेको देखिन आउँदैन । प्रतिवादीको जग्गाको क्षेत्रफल बढेको हुँदा मेरोसमेत कायम हुनु पर्दछ भन्ने विद्वान वरिष्ठ अधिवक्ताको जिकीर रहेको देखिन्छ । प्रतिवादीको जग्गा बढे पनि यी वादीको जग्गा आफ्नो क्षेत्रफलभन्दा घटी नभै बढी नै भएको यस स्थितिमा प्रतिवादीको हाल साविक गर्दा केही क्षेत्रफल बढे तापनि जग्गाको प्रकृति र भै आएको नक्साअनुसार यी वादीको जग्गा प्रतिवादीको जग्गामा

घुसेको पाइएन । सो कुराको अतिरिक्त जग्गामा कसको भोग छ भनी विचार गर्दा पनि वादीले दावी लिएको न.नं. ४ (कि.नं. १४५) को जग्गामा घर भएको उल्लेख नगरी फिराद दिएको देखिन्छ भने प्रतिवादीले उक्त जग्गामा आफ्नो घर रहेको जिकीर लिनुका साथै उक्त घरमा आफूहरू बसोबास गरेको भनी स्पष्टसँग लेखाएको पाइन्छ भने भै आएको नक्सा मुचुल्कामा समेत पुरानो घर रहेको र प्रतिवादीको भोग भन्ने उल्लेख गरिएको छ । सोतर्फ वादीको भनाइ अन्यथा नदेखिएको तथा वादीको जग्गा न.नं. २ र ३ बाट ०-०-०-१ जग्गा बढी नै देखिएको समेतबाट शुरू फैसला उल्टी गरी वादी दावी नपुग्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६४।८।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल जेठ १९ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६५ सालको ०६५-CI-०२८४, लिखत दर्ता बदर दर्ता, *जगरनाथ चौधरीसमेत वि. कन्तिया कुर्मिनसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-CR-०००२, कीर्ते जालसाज, *बिसनसिंह भाट वि. लक्ष्मीदेवी भण्डारीसमेत*

प्रतिवादीकी छोरी लक्ष्मी भण्डारीले मिति २०६१।२।१३ गतेमा नागरिकताको प्रमाणपत्र बनाउँदा पनि बाबुको नाममा करवीर भट्ट भनी लेखेको देखिन आयो । प्रतिवादीकी श्रीमती धनाकुमारी भाटलाई निर्वाचन आयोगबाट मतदाता परिचयपत्र वितरण गर्दाका अवस्थामा मिति २०५७।२।३१ मा पतिको नामथर महलमा करवीर भाट भन्ने उल्लेख भएको देखिन आयो । यी प्रमाणपत्रहरू पनि मुद्दा पर्नुभन्दा अघि नै तयार भएको देखिन आयो । यी प्रतिवादीको नाम करवीर नभएको भए यिनका छोरी तथा श्रीमतीले ती प्रमाणपत्रहरूमा करवीर भनी उल्लेख गर्नुपर्ने अवस्था रहने थिएन । साथै प्रतिवादीको छोरीले मरिसकेका काकाको नाम राखी बाबु भनी आफ्नो नागरिकता बनाउनुपर्ने अवस्था पनि थिएन । अर्कोतर्फ कैले भाट र करवीर भाट तथा प्रतिवादी फुत्ते भन्ने भाइ एकै व्यक्ति होइनन् भन्ने कुनै ठोस सबूद प्रमाण पुनरावेदक वादीले दिन सकेको देखिएन । प्रतिवादीकी श्रीमतीले आफ्ना जीवित पति फुत्ते भन्ने करवीरकै नाम लेखेकी र प्रतिवादीकी छोरीले आफ्ना बाबुको नाम राखी नागरिकताको प्रमाणपत्र बनाएको कार्यहरूलाई सद्दे व्यवहारबाट नै हो भनी मान्नुपर्ने देखिन आयो । यसरी विभिन्न प्रमाणपत्रहरूमा उल्लिखित व्यहोरा र विभिन्न आधीकारिक निकायहरूबाट प्रमाणित गरिदिएका कागजहरूको आधार प्रमाणबाट समेत प्रतिवादी फेत्तु, फुत्ते र करवीर भन्ने व्यक्ति एउटै रहेछन् भन्ने कुरा स्पष्टरूपमा देखिँदा कीर्ते जालसाजतर्फ वादी दावी पुग्न नसक्ने ठहऱ्याएको शुरूको फैसलालाई सदर गरी शुरूले वादीलाई जरीवाना गरेको हदसम्मको हकमा वादीलाई सजाय गर्ने गरेको शुरूको फैसला मिलेको नदेखिँदा केही उल्टी हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०७० साल वैशाख ८ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६८ सालको दे.पु.नं. ०६७-CI-११८३, र.पा.दा.खा.बदर, *बिसनसिँह भाट वि. लक्ष्मीदेवी भण्डारीसमेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WO-०९०४, उत्प्रेषणयुक्त परमादेश, *ध्रुवबहादुर के.सी. वि. राकेशकुमार गुप्तासमेत*

निवेदकले जिल्ला अदालत नियमावली, २०५८ को नियम ८(२), ७५(४), ७५(५) (क) को

त्रुटि भएको भनी जिकीर लिएको देखिन्छ । नियम ८ (२) मा न्यायाधीशबाट अडबड परेकोमा निदान हुने कुरा उल्लेख भएकोमा न्यायाधीशसमेतबाट आदेश भैसकेको स्थितिमा उक्त नियमावलीको सन्दर्भ यहाँ रहने देखिन आएन । नियम ७५(४) मा गा.वि.स.वा नगरपालिकाको प्रतिनिधि साक्षी राख्नुपर्ने र नियम ७५(५)(क) मा निवेदकले खुलाएको मूल्यको आधारमा कुनै एक अड्डाको प्रतिनिधि राखी मोल कायम हुनसक्ने व्यवस्था गरेको देखिन्छ । मिति २०६८।६।२९ मा लिलाम हुने सूचना मिति २०६८।६।१२ मा निवेदकको घर दैलोमा तामेल भएको, मिति २०६८।५।२८ मा कोष तथा लेखा नियन्त्रक कार्यालयले बुझेको, मिति २०६८।६।५ मै लिलाम हुने जग्गामा सूचना टाँस भएको मिसिल संलग्न कागजहरूबाट देखिन्छ । गा.वि.स.मा पनि सूचना मिति २०६८।३।२८ मा तामेल भएको देखिनुका अतिरिक्त सबै तामेलीहरूमा कहिँ गा.वि.स.सचिव कहिँ गा.वि.स.को कर्मचारी संलग्न भएको तामेलीबाट देखिन्छ । यस्तो अवस्थामा गा.वि.स.लाई लिलामको सूचना थाहा भएन भन्ने अवस्था पनि रहेन । यसरी सूचना पठाएको अवस्थामा नियम ७५(६) को प्रतिबन्धात्मक वाक्यांशले सूचना दिँदा पनि त्यस्तो कुनै प्रतिनिधि उपस्थित भएन भने पनि लिलाम कार्य नरोकिने कानूनी व्यवस्था भैरहेको देखिँदा यस अवस्थामा सूचना कानूनबमोजिम प्रभावित भएको र प्रतिनिधि उपस्थित नभएको कारणबाट मात्र लिलामी प्रक्रियालाई त्रुटिपूर्ण भन्न नमिल्ने ।

कानूनसम्मत् प्रक्रिया पूरा गरी तहसीलदारले पञ्चकृते मूल्य कायम गर्दा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(५) को (क) देखि (झ) सम्मका आवश्यकताअनुसार कुनै वा सबै आधार लिन सक्ने, नियमको देहाय (ङ) समेतलाई आधार मानी निर्णय गरेको पञ्चकृते मूल्याङ्कनलाई अन्यथा भन्नुपर्ने तथा निवेदकको जग्गा कति मोलिनु पर्ने हो सो सम्बन्धमा रिटक्षेत्रबाट निर्क्यौल गर्न नमिल्ने हुँदा जिल्ला अदालतबाट जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(६) को प्रक्रियाबमोजिम नगरपालिका, स्थानीय कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिलाई साक्षी राखी बढाबढ गरी लिलाम गर्नुपर्ने तर सूचना दिँदा पनि त्यस्तो कुनै प्रतिनिधि उपस्थित नभए पनि लिलाम कार्य रोकिने छैन भन्ने कानूनी व्यवस्था हुँदा यी निवेदकको संवैधानिक हक हनन् गरी लिलामी गरिएको अवस्था नदेखिने ।

धनुषा जिल्ला अदालतको मिति २०६२।१।२ गतेको फैसलाअनुसार प्रतिवादीबाट भरी पाउने बिगो प्रतिवादीले आफ्नो नाउँमा जारी भएको ३५ दिने म्यादभित्र बिगो दाखिल नगरेकोले बिगोबापत दावी लिएको जग्गामा रामफल मोही भएको दक्षिणतर्फबाट मोहीको भाग छोडी ऋणीको भागमा पर्ने आधी जग्गा डाँक लिलाम गरिपाऊँ भनी निवेदकले दिएको निवेदनमा दुनियाको बिगोबापत जायजात गर्दा मोहीको भाग पर सार्नुपर्ने उल्लेख नभएकोले मोहीको आधी भाग पर सारी आधी जग्गा डाँक लिलाम गर्न नमिल्ने भनी आदेश भएको र डाँक लिलाम हुँदा आधी जग्गाको मूल्याङ्कन घटाई पूरै जग्गा डाँक लिलाम गरेपछि मोहीको उजूर परे आधी जग्गा फिर्ता गर्ने गरी डाँक लिलामको कारवाही गरिपाऊँ भनी वादीको निवेदन परेको र मोहीसहितको पूरै जग्गाको पञ्चकृते मूल्याङ्कनअनुसार डाँक लिलाम गर्दा सकार गर्ने व्यक्तिको नाममा जग्गा दा.खा.हुँदा मोहीसहितको जग्गा दा.खा.हुन जाने भै जग्गाको पञ्चकृते मूल्यमध्ये आधी मोलमा मोहीसहितको जग्गा डाँक लिलाम गरी मोहीको हक सुरक्षित रहने गरी फैसला कार्यान्वयन गर्नु भनी तहसीलदारबाट आदेश भै सोहीअनुसार डाँक लिलाम हुँदा अन्य कसैले डाँक लिलाम सकार नगरेकोले वादी राकेशकुमार गुप्ताले रू. १,६०,०००।- मा डाँक लिलाम सकार गरेको र उक्त डाँक लिलाम वेरीतको भएकोले बदर गरी पाउन प्रतिवादी यी

निवेदकको निवेदन परी इजलाससमक्ष पेश हुँदा तहसीलदारबाट मिति २०६८।६।२९ मा भएको लिलाम कार्य कानूनबमोजिम नै भएकोले निवेदन मागबमोजिम बदर गर्न मिलेन भनी जिल्ला न्यायाधीशबाट आदेश भएको र उक्त आदेश बदर गरी पाउन अ.व.१७ नं.बमोजिम निवेदन पर्दा पुनरावेदन अदालत जनकपुरबाट समेत धनुषा जिल्ला अदालतबाट भएको मिति २०६८।६।२९ को लिलामसम्वन्धी कार्य कानूनबमोजिम भएको हुँदा परिवर्तन गरिरहनु नपर्ने गरी अन्तिम रूपमा आदेश भएको देखिँदा अदालतबाट भएको फैसलाअनुसार नै कानूनबमोजिम धनुषा जिल्ला अदालतको तहसील शाखा र सो अदालतबाट समेत फैसला कार्यान्वयनको आदेश भैसकेको र सो आदेश पुनरावेदन अदालत जनकपुरबाट समेत सदर भएपश्चात् राकेशकुमार गुप्ताले आफ्नो बिगोबापत रोक्का राखेको जग्गा सकार गरी जग्गाधनी प्रमाण पूर्जासमेत प्राप्त गरिसकेको देखिँदा निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेबमोजिम निजको संविधानद्वारा प्रदत्त मौलिक हक हनन् भएको अवस्था नदेखिँदा निवेदकको प्रस्तुत रिट निवेदन नै खारेज हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०७० साल वैशाख ३१ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६९ सालको साधक नं. ०६९-RC-००३४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कृष्णकुमार लिम्बू*

मृतक नरमाया तामाङ्नीको मृत्यु उपचार गर्दागर्दै भएको भन्ने देखिन्छ । शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा Injury of temporal bone cause injury of brain leading to haemorrhage leading to excessive bleeding cause of death भन्ने उल्लेख भएको देखिन्छ । प्रतिवादी कृष्णबहादुर लिम्बुले अनुसन्धान अधिकारी तथा अदालतमा समेत बयान गर्दा आफूले मृतकलाई भनाभन हुँदा थप्पडले हिर्काएको र प्रतिकार गर्दा चिरपटले हानेको हो, मार्ने मनसाय नभएको हुँदा घटी सजाय गरिपाऊँ भन्नेसमेत बयान गरेको पाइन्छ । सो कुरालाई लास प्रकृति मुचुल्का र सोहीबमोजिमको लास जाँच प्रतिवेदनसमेतले पुष्टि गरेको पाइन्छ । मौकामा कागज गर्ने लमेनी बूढीकी घरबेटी फूलमाया लिम्बुसमेतले यी प्रतिवादीलाई पोल गरी गरेको कागज र प्रतिवादीको पिता हस्तबहादुर लिम्बुले अनुसन्धानको सिलसिलामा गरिदिएको कागजसमेतबाट देखिएको छ । मैले मृतकलाई मार्ने मनसायले प्रहार गरेको नभै तत्काल रीस थाम्न नसकी प्रहार गर्दा मृत्यु भएको हो र कम सजाय हुनुपर्दछ भन्ने प्रतिवादीको जिकीरतर्फ हेर्दा आफूलाई सरोकार नै नभएको ठाउँमा गई ७२ वर्षकी वृद्धासँग अनाहकमा विवाद गरी अनुहारमा बक्सिङ हानेपछि निज वृद्धा बेहोस भई ढलेपछि पनि चिरपटले प्रहार गरेको कारण वृद्धा रगतपच्छे भई ढलेको भनी अनुसन्धान र अदालतमा समेत बयान गर्दा लेखाई दिएकोबाट वृद्धा महिलालाई टाउको जस्तो संवेदनशील अङ्गमा जोडले हिर्काउने कार्य गर्ने प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसूरमा सोही नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल बैशाख २७ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६९ सालको साधक नं. ०६९-RC-००४३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नवराज शर्मा पौडेल*

मृतक निमकुमारी पौडेलको मृत्यु कर्तव्यबाट भएको, प्रतिवादीले आफ्नो आमालाई बञ्चरो जस्तो जोखिमी हतियारले हानेको र

मृतकको शव परीक्षणमा Cause of death मा Cause of death is cut injury by sharp weapon in her neck भन्ने उल्लेख भएको पाइन्छ भने को कसको कर्तव्यबाट भएको भन्ने विषयमा समेत प्रतिवादी नवराज शर्मा पौडेलकै कर्तव्यबाट भएको कुरा निज प्रतिवादीको बयान तथा जाहेरवाली भूमादेवीको बकपत्रसमेतबाट पुष्टि भैरहेको छ । प्रतिवादीको छोरा निर्मल शर्माले आफूले भित्र भात पकाउँदा बाहिर हजुरआमालाई बाबाले बञ्चरोले हानेको र नहान भन्दा मर्लास् भनी हप्काएकोले गुहार माग्दै गाउँमा गएको भनी लेखाई दिएको अवस्थामा प्रतिवादीलाई अभियोग माग दावीबमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल वैशाख २७ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६९ सालको साधक नं. ०६९-RC-००५०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तिलकबहादुर स्याङ्तान*

प्रतिवादी तिलबहादुरले अनुसन्धानको क्रममा र अदालतमा समेत आफूले कसूर गरेकोमा सावित भई घटनाको विवरण लेखाई दिएको छ । जसमा प्रतिवादीले आफ्नो श्रीमती पोइल जाने भन्ने हल्ला सुनेको, पूजाबाट घरमा जाऊँ भन्दा नमानेको, आफूले जवर्जस्ती घरतर्फ पठाएको भनी उल्लेख गरेको र भनाभन हुँदा एक थप्पड हानेको त्यसपछि नजिकैको कोदालोले हानेको र पछि बञ्चरोसमेतले हानेको भनी उल्लेख गरेको पाइन्छ । घटनामा प्रयोग भई आएको कोदालो र बञ्चरोको central police forensic science laboratory को report र मृतकको head injury laceration of brain भन्ने autopsy report समेतका आधार प्रमाणबाट मृतकको मृत्यु प्रतिवादीको कर्तव्यबाट भएको भन्ने विषयमा अन्यथा देखिएको छैन । घटनास्थलको प्रकृति बुझिएका नेमा लामा, हिरामाया स्याङ्तान, श्याम लामा कान्छामान स्याङ्तानसमेतको बकपत्र र प्रतिवादीको कसूरमा सावितीसमेतबाट प्रस्तुत वारदातमा यी प्रतिवादी तिलकबहादुर स्याङ्तानको कर्तव्यबाट नै मृतक कृष्णमाया स्याङ्तानको मृत्यु भएको देखिँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसूरमा सोही १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल वैशाख २७ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६९ सालको साधक नं. ०६९-RC-००५५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. माधव गुरुङ भन्ने माधु गुरुङ*

मृतकको पोष्टमार्टम report मा strangulated marks seen on neck hyoid bone fracture भन्ने उल्लेख भई मृत्युको कारणमा Asphyxia due to strangulation भनी उल्लेख भएको देखिन्छ । प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान व्यहोरा हेर्दा मिति २०६८।२।५ मा मृतकसँग कोठामा वादविवाद झैझगडा भै मृतकको घाँटीमा बाँधेको सलले निजको घाँटी कसी मारी कोठामा नै राखी मिति २०६८।२।८ मा लास दुर्गन्धित अवस्थामा भएपछि लासलाई दबाउने नियतबाट ट्याक्सीमा राखी रामघाटतर्फ लगेको अवस्थामा पक्राउ परेको भन्ने देखिन्छ । त्यस्तै प्रतिवादीको अदालतमा भएको बयानमा आफूउपरको अभियोग दावी साँचो हो तर मार्ने योजना वा षड्यन्त्र केही थिएन । मृतकले रक्सी खाएर नानाथरीका दुर्वाच्य वचन बोली रीस उठाउने कार्य गरेकोले घटना घट्न गएको हो, मार्ने मनसाय थिएन भनी लेखाई दिएको पाइन्छ । मृतक र यी प्रतिवादी लोग्नेस्वास्नी भई एउटा कोठामा बस्ने गरेको पाइन्छ । प्रतिवादीले मृतक श्रीमतीलाई सलले

घाँटीको hyoid bone नै fracture हुने गरी जोडले कसेको भन्ने पोष्टमार्टम रिपोर्टबाट देखिएको छ। घाँटी जस्तो संवेदनशील अङ्गमा हड्डी नै भाँचिने गरी बल प्रयोग गरी निरन्तररूपमा मृतक नमर्दासम्म कसी मार्ने कार्य गरेको अवस्थामा प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा समेत बयान गर्दा साविती भएको सो व्यहोरालाई पोष्टमार्टम रिपोर्टमा उल्लिखित व्यहोराबाट समेत पुष्टि भइरहेको हुँदा अभियोग मागबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसूर गरेको देखिँदा सर्वस्वसहित जन्मकैदको सजाय हुने।

इजलास अधिकृत: भोलानाथ ढकाल

इति संवत् २०७० साल वैशाख २७ गते रोज ६ शुभम्।

९

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६९ सालको साधक नं. ०६९-RC-००३६, कर्तव्य ज्यान र डाँका, *नेपाल सरकार वि. पप्पु शर्मा*

मृतकहरूको मृत्यु गोली लागी भएको र शरीरका विभिन्न भागमा गोलीका छर्रा लागेको र आन्द्रा भुँडी छिरलिएकोसमेत भन्ने लास जाँचबाट देखिएको र सँगै घाइते भएका व्यक्तिहरू समेतले अनुसन्धानको क्रममा यी पप्पु शर्मासमेतका व्यक्तिहरू डाँका गर्न आएका र गाउँलेसँग भिडन्त भएको तथा पप्पु शर्मासमेतले नल कटुवा बन्दुकले गोली चलाएको भनी लेखाई दिएको पाइन्छ। अनुसन्धानको क्रममा समेत यी प्रतिवादीले आफूसमेतले गोली चलाएको भनी घटनालाई सिलसिलेवाररूपमा वर्णन गरी लेखाई दिएको देखिन्छ। निजले अदालतमा बयान गर्दा कसूरमा इन्कार रहे पनि घटनास्थलमा रहेका चस्मदिद गवाह रहेका घाइते ओमप्रकाश कुसवाह, विनोदप्रसाद साह, दिनेश्वर राउतले यी प्रतिवादी पप्पु शर्मासमेतले गोली चलाउँदा घाइते आफूहरूमध्ये २ जनाको मृत्यु भएको भनी अनुसन्धानको क्रममा लेखाएको पाइन्छ। यसरी डाँका गर्न गएकोमा गाउँलेहरूले थाहा पाई होहल्ला गर्दा गोली चली २ जनाको मृत्यु भएको तर डाँकाको वारदात हुन नपाएको देखियो। यस्तो अवस्थामा सङ्कलित भएका जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, लास प्रकृति मुचुल्का प्रतिवादीको अनुसन्धानको क्रममा भएको कागजसमेतबाट यी प्रतिवादीलेसमेत कर्तव्यबाट भागीरथ साह गोढ र शर्मा साह तेलीको मृत्यु भएको देखिएकोले निजलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसूरमा सोही नं.अनुसार सर्वस्वसहित जन्मकैद हुने।

इजलास अधिकृत: भोलानाथ ढकाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७० साल वैशाख २७ गते रोज ६ शुभम्।

१०

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको ०६६-WO-०९९६, उत्प्रेषणसमेत, *धनबहादुर बस्नेतसमेत वि. श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगरसमेत*

निवेदकले देखाएको स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२१, २२१(२)(च) मा कोष रहने कुरा भएको र दफा २३२ मा जिल्ला विकास समितिको लेखा शाखाले आन्तरिक लेखा परीक्षण गर्ने कुरा रहेको देखिँदा निवेदकको व्यक्तिगत कुनै हक पनि कुण्ठित भएको देखिँदैन। आन्तरिक लेखा परीक्षणको विवाद रहेको छ। दुबै पक्षबाट आएको कानूनी आधारबाट त्यो कि त जिल्ला विकास समितिको लेखा शाखाले गर्ने हो कि त कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्ने हो। यी निवेदकहरूले जिल्ला विकास समितिलाई वा सोको लेखा शाखा कसैलाई पनि प्रतिनिधित्व गरेको मिसिलबाट देखिँदैन। यसप्रकार निवेदकको कानूनी हकमा पनि प्रतिकूल असर परेको नदेखिँदा प्रस्तुत रिट निवेदन नै खारेज हुने।

इजलास अधिकृत: भोलानाथ ढकाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७० साल वैशाख २३ गते रोज २ शुभम्।

११

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको स.फौ.पु.नं. ०६६-CR-०७२८, कर्तव्य ज्यान, *ईश्वर लिम्बु वि. नेपाल सरकार*

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. को व्यवस्थाअनुसार घटना फौजदारी अपराध हुने आपराधिक तत्त्वमध्येको महत्त्वपूर्ण तत्त्व मनसायको अभाव रहने हुन्छ । आफूले गरेको कामबाट मानिस मर्नसक्छ भन्ने परिणामको ज्ञान पनि यसमा हुँदैन । यसअनुसार कुनै एउटा कामको निमित्त सावधानीसँग सतर्कतापूर्वक गरिरहेको अवस्थामा अचानक केही व्यहोराले अरूलाई लाग्न गएकोमा भवितव्य हुन्छ भवितव्यबाट सो घटना घट्न गएको हो भन्ने पक्षले सो कार्य दुर्घटना थियो, आपराधिक मनसाय र ज्ञानले गरिएको थिएन । उचित सतर्कता र सावधानी राखिएको थियो भन्ने कुराको प्रमाणित गर्नुपर्दछ । यो नं.को व्यवस्थाअनुरूप सो घटनामा मानिस छ भन्ने कसूरदारलाई थाहासम्म पनि भएको हुनु हुँदैन । अरू नै कुनै केही चीज वस्तुउपर प्रहार गर्दा अचानक मानिसउपर पर्न गै मानिसको मृत्यु हुन पुगेको हुनुपर्ने ।

प्रस्तुत वारदातमा भवितव्यको अवस्था नभै उसै मौकामा उठेको कुनै कुरामा रीस थाम्न नसकी यी प्रतिवादीले मृतकलाई लात मुक्काले छाती तथा पेटका विभिन्न ठाउँमा प्रहार गर्दा मृतकको मृत्यु हुन गएको देखिँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिम १० वर्ष कैद गर्नुपर्नेमा ऐ. ५ नं. को कसूर गरेको ठहऱ्याई ऐ. ६ नं. बमोजिम ६ महिना कैद र रू. ५००।- जरीवाना गरेको शुरूको फैसला उल्टी गरी ऐ. ऐनको १४ नं. बमोजिमको कसूर गरेमा ठहर गरी सोही नं. बमोजिम १०(दश) वर्ष कैद हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०७० साल जेठ ६ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-०२०७, ४०६, ०२२१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नेत्रबहादुर मगरसमेत, नेत्रबहादुर मगर वि. नेपाल सरकार, नन्दमणि मगर वि. नेपाल सरकार*

दुई समूहबीच हानाहान भएको वारदातमा यी प्रतिवादीहरू र नेत्रबहादुर र नन्दमणि क-कसले कसरी प्रहार गरे भनी मौकाका व्यक्तिहरूले गरेको कागज र अदालतको बकपत्रबाट स्पष्ट एकरूपमा देखाउन नसके पनि यी दुई प्रतिवादीहरूको कर्तव्यबाट मृतक घाइते भएको तथ्यमा विवाद रहेको देखिँदैन । यसरी हुलमुलमा हानाहान हुँदा यी दुई प्रतिवादीहरूले मृतकलाई कुटपीट गरेको, छुरा भाटा इत्यादिले प्रहार गरेको र घाइतेको ज्यान गएको यस अवस्थामा वारदातको प्रकृतिले यो ज्यानसम्बन्धीको महलको १३(३) नं. को अवस्था रहेको देखिँदा प्रतिवादीमध्येका मुख्य अभियुक्त इन्द्रबहादुर मगरको मृत्यु भैसकेको, प्रतिवादीमध्येका नेत्रबहादुर मगर र नन्दमणि मगरसमेतले मृतकलाई भाटा तथा छुरीले हान्ने कार्यमा संलग्न रहेको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार दुबै जनालाई जन्मकैदको सजाय गर्नुपर्नेमा प्रतिवादी नन्दमणि मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद र नेत्रबहादुर मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी १७ नं. ले ५ (पाँच) वर्ष कैद गर्ने गरेको हदसम्म शुरूको फैसला केही उल्टी भई प्रतिवादीहरू नन्दमणि मगर र नेत्रबहादुर मगर दुबै जनालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार जनही जन्मकैदको सजाय हुने ।

प्रतिवादीहरूमध्ये दुबैजना नन्दमणि मगर र नेत्रबहादुर मगरको कलिलो उमेरसमेतलाई विचार गरी निजहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने हुँदा अ.बं. १८८ नं. बमोजिम

निजहरू दुबै जनालाई जनही ८ (आठ) वर्ष कैद हुने ।
इजलास अधिकृतः भोलानाथ ढकाल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७० साल जेठ २२ गते रोज ४ शुभम् ।

## एकल इजलास

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०६९-WO-७२१, उत्प्रेषणसमेत, *दत्तसिँह कार्कीसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत*

निवेदकहरूले जिकीर लिएको टिम्बुरबोटे शहीद स्मृति पार्क निर्माणमा भ्रष्टाचार भएको भन्ने उजूरीका सम्बन्धमा परेको उजूरीबाट अनुसन्धान तहकीकात गर्दै जाँदा सङ्कलित प्रमाणका आधारमा आरोप प्रमाणित हुन नसक्ने भएमा आयोगले तत्सम्बन्धमा कारणसहितको पर्चा खडा गरी निवेदन तामेलीमा राखिदिने अधिकार पनि आयोगलाई सोही ऐनको दफा १९(१२) मा तोकिएको पाइन्छ । तर परेको उजूरीमा सङ्कलित प्रमाणबाट आरोप प्रमाणित हुन नसक्ने अवस्थामा पनि मुद्दा दायर गर्नुपर्ने भन्ने आयोगको काम, कर्तव्य तोकिएको पाईंदैन । सो बाहेक दफा १९(१२) को प्रतिवन्धात्मक वाक्यांशमा उजूरी तामेलीमा राखिए पनि पछि कुनै नयाँ प्रमाण फेला परेमा त्यस्तो उजूरीका सम्बन्धमा पुनः अनुसन्धान र तहकीकातको कारवाही अगाडि बढाउन बाधा पुगेको नमानिने भन्ने आयोगलाई थप अधिकारसमेत रहे भएको पाईंदा टिम्बुरबोटे शहीद स्मृति प्रतिष्ठानमा भएको भ्रष्टाचारको सम्बन्धमा परेको उजूरीमा अनुसन्धान र तहकीकात गर्दा प्राप्त प्रमाणसमेतको आधारमा आरोप प्रमाणित नभएको भनी कारण र आधार खुलाई ठहर गरी प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई दफा १९ (१२) बमोजिम निर्देशन दिएको र सोको जानकारी यी निवेदकलाई दिई उजूरी निवेदन तामेलीमा राख्ने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६९।६।३ मा भएको निर्णय प्रचलित कानूनबमोजिम भएको देखिएको र कानूनबमोजिम भए गरेको सो निर्णयबाट निवेदकको संवैधानिक एवं कानूनप्रदत्त हकमा असर परेको सम्झन नमिल्ने हुँदा प्रथम दृष्टिमा नै गरे बिराएको नदेखिँदा प्रत्यर्थीहरूबाट लिखित जवाफ मगाइरहनु पर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः हरिहर पौड्याल
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल फागुन १५ गते रोज ३ शुभम् ।

## पुनरालोकन निस्सा

१

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-RV-०१९५, करारको यथावत् परिपालना गराईपाऊँ, *समिट होटल प्रा.लि. का अ.प्रा.अमृतरत्न शाक्य वि. शारदा प्रसाईसमेत*

करारको शर्त पालना गरिपाऊँ भन्ने वादी दावी नपुग्ने ठहर गरेको देखिन्छ । यस अदालतको संयुक्त इजलासबाट पुनरावेदन अदालतले वादी दावी नपुग्ने ठहर गर्दा लिएका आधार र कारणहरू नमिलेको भनी असहमति व्यक्त गर्दै पुनरावेदन अदालतको फैसला सदर गरी फैसला भएको पाइन्छ । संयुक्त इजलासबाट फैसला हुँदा *नेकाप* २०४९, नि.नं. ४४४७, पृष्ठ १ मा प्रकाशित नजीर अवलम्बन गरिएको पाइन्छ । प्रस्तुत मुद्दाको तथ्य र उक्त नजीरको तथ्यमा समान रहेको नदेखिँदा असान्दर्भिक नजीरको प्रयोग गरी फैसला भई उक्त फैसलामा *नेकाप* २०५१, अङ्क १२, नि.नं. ५०१९, पृष्ठ ९५३ मा प्रतिपादित सिद्धान्तसमेतको त्रुटि विद्यमान रहेको हुँदा प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) अनुसार पुनरालोकन गरी हेर्ने निस्सा प्रदान गरिएको छ । प्रस्तुत मुद्दाको

शुरू रेकर्ड मिसिल र भए प्रमाण मिसिलसमेत झिकाई कानूनबमोजिम गर्नु । साथै, अचल सम्पत्तिसम्बन्धी करारनामाको स्थिति एवं करारीय दायित्वसम्बन्धी प्रश्न समावेश भएको कल्पना पन्त वि. बुद्धि आले, लाखबहादुर माबो वि. चन्द्रबहादुर माबोसमेतका मुद्दा यस अदालतको पूर्ण इजलासमा विचाराधीन रहेको भन्ने देखिँदा प्रस्तुत मुद्दा उक्त मुद्दाहरू साथै राखी नियमबमोजिम पेश गर्नू ।

इति संवत् २०७० साल साउन १० गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६९-RV-०१९४, *समिट होटल प्रा.लि. का अ.प्रा.अमृतरत्न शाक्य वि. शारदा प्रसाई* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतबहादुर कार्की,** निवेदन नं. ०६९-RV-००४१, अंश चलन, *सुन्दरीकुमारी श्रेष्ठसमेत वि. राजकुमार श्रेष्ठसमेत*

यसमा मूल पुरुष अनकमानका चार छोराहरूमध्ये केदारमान वि.सं. १९९६ सालमा, रामेश्वरमान २०१२ सालमा र वादीमध्येका दीपकुमार श्रेष्ठसमेतका बाबु महेश्वरमान २०२० सालदेखि नै अलग व्यवहार गरी बसेको कुरा वादीले फिरादमा नै उल्लेख गरेको र महेश्वरमानको २०४० सालमा परलोकपश्चात् निजका छोरा वादीहरूका बीचमा समेत अंशबण्डा भैसकेको भन्ने देखिन्छ । वादी प्रतिवादीको बाबुहरूको पालामा नै आ-आफ्नो अलगअलग व्यवहार गरी व्यवहार प्रमाणबाट बण्डा भैसकेको कुरा फिराद व्यहोराबाट नै खुल्न आएको र वादीहरू स्वयंका बीचमा समेत बण्डा भैसकेपश्चात् पछि आएर पुर्ख्यौली सम्पत्ति नपाएको भनी अंश माग गरेकोमा वादी दावी पुग्ने ठहर गरेको यस अदालत, संयुक्त इजलासको मिति २०६८।१२।१ को फैसलामा *नेकाप* २०६६, पुस, निर्णय नं. ८२२७, पृष्ठ १५२५, *नेकाप* २०५३, निर्णय नं. ६२९२, पृष्ठ ८०२ र *नेकाप* २०६२, निर्णय नं. ७६१५, पृष्ठ १२८९ मा प्रतिपादित सिद्धान्तसमेतको त्रुटि विद्यमान रहेको हुँदा प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ उपदफा (१) को खण्ड (ख) अनुसार पुनरालोकन गरी हेर्ने निस्सा प्रदान हुने ।

इति संवत् २०७० साउन ७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-RV-०३१५, उत्प्रेषण, *कपिलबहादुर चित्रकार वि. श्रीकृष्ण रञ्जितकार*

वादी यिनै विपक्षी र प्रतिवादी यी निवेदकका दाजु कमल चित्रकारका बीच चलेको लेनदेन मुद्दामा कमल चित्रकारबाट श्रीकृष्ण रञ्जितकारले साँवा ब्याज भरिपाउने ठहरी पुनरावेदन अदालत, पाटनबाट मिति २०५९।१२।१४ मा फैसला भई उक्त मुद्दाका वादीले बिगो भरिभराउको लागि ऋणीको जेथा नसमाई निजका भाइ नाताका यी निवेदकको नाम दर्ताको काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं.२७ को कि.नं. ६०४ को घरजग्गा देखाई निवेदन दिएको र काठमाडौँ जिल्ला अदालतबाट बिगो भरिभराउको प्रक्रियामा वास्तविक दर्तावालालाई नबुझी उक्त जग्गाबाट फैसला कार्यान्वयन गर्ने भनी मिति २०६३।२।३१ मा तहसीलदारबाट र मिति २०६३।८।२२ मा जिल्ला अदालतबाट भएको आदेश पुनरावेदन अदालत, पाटनबाट मिति २०६३।१०।२६ मा बदर भएको देखिन्छ । ऋणीले आफ्नो नाममा बर्दिया जिल्ला गुलरीया न.पा.मा ११ विगाहा जग्गा रहेको हुँदा सो जग्गाबाट ऋण असूलीको लागि काठमाडौँ जिल्ला अदालतसमक्ष मिति २०६१।८।२४ मा निवेदनसमेत गरेको भनी निज निवेदकले लिखित जवाफमा उल्लेख गरेको त्यस्तो अवस्थामा समेत निजको निवेदनउपर कुनै कारवाही नगरी मुद्दामा पक्ष नरहेको तेस्रो पक्ष यी निवेदकको घरजग्गाको सम्पूर्ण खण्डबाट बिगो भरिभराउको कार्य अगाडि बढाइएको देखिन्छ । ऋणीले लिएको ऋणको प्रथम दायित्व ऋणीमा रहने र स्वयं ऋणीले नै आफ्नो

नामको सम्पत्तिबाट बिगो असूलीका लागि जग्गासमेत देखाएको अवस्थामा पुनरावेदन अदालत, पाटनको आदेश बदर गरी यी निवेदकको नाम दर्ताको घरजग्गाबाट बिगो असूल गर्ने भनी यस अदालतको संयुक्त इजलासबाट मिति २०६७।३।१० मा भएको फैसला *नेकाप* २०६७, असोज, नि.नं. ८३९८, पृष्ठ १०२६ मा प्रतिपादित सिद्धान्तविपरीत भई न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) को अवस्था विद्यमान देखिँदा प्रस्तुत मुद्दा पुनरालोकन गरी हेर्ने निस्सा प्रदान हुने ।

इति संवत २०७० साल साउन ८ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-RV-०२१५, निर्णय दर्ता बदर दर्ता, *गुठी संस्थान केन्द्रीय कार्यालय वि. मु.स. गर्ने महेश पराजुली*

साविक कि.नं.७० को ज.रो.५-१२-० जग्गा मालपोत कार्यालय, काठमाडौँको मिति २०३५।८।७ को निर्णयले केदारेश्वर महादेव गुठीको नाममा दर्ता जनिएको पाइन्छ । उक्त जग्गामध्ये हाल कायमी कि.नं.८२ को १-५-२ जग्गा ३ नं.नापी गोश्वारा जयवागेश्वरी, काठमाडौँको मिति २०४६।११।२४ को निर्णयले आफ्नो नाममा दर्ता गर्ने गरी निर्णय भएको भनी मालपोत कार्यालय काठमाडौँको मिति २०३५।८।७ को निर्णयसमेतको बदरको दावी रहेकोमा दावीबमोजिम हुने गरी यस अदालतको संयुक्त इजलासबाट फैसला भएको देखियो । विपक्षी वादीले दावी गर्दा ३ नं.नापी गोश्वाराको निर्णयको आधार लिएको देखिन्छ । मालपोतको निर्णयले एकाको नाममा दर्ता भएको जग्गालाई पछिबाट भएको नापीमा अर्केको नाममा दा.खा.दर्ता हुने हो भन्ने कुरा निर्णय गर्ने अधिकार नापी गोश्वारालाई नभएको एवं मालपोत कार्यालय, काठमाडौँको मिति २०६६।१२।६ को निर्णयले उक्त कि.नं.७० ससीम जग्गा नेपाल सरकारको नाममा दर्ता भैसकेको अवस्था हुँदा मालपोत कार्यालयबाट दर्ता भई आएमा वादीका नाममा दा.खा दर्ता गरिदिने भनी नापी गोश्वाराले अनाधिकार र अधिकारक्षेत्रात्मक त्रुटी गरी भएको निर्णयलाई आधार लिई यस अदालतको संयुक्त इजलासबाट मिति २०६७।३।१० मा भएको फैसला *नेकाप* २०६१, वैशाख, नि.नं.७३१३, पृष्ठ ५८ मा प्रतिपादित सिद्धान्तविपरीत भई न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) को अवस्था विद्यमान देखिँदा प्रस्तुत मुद्दा पुनरालोकन गरी हेर्ने निस्सा हुने ।

इति संवत् २०७० साल साउन ८ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-RV-०१०६, अपुताली हक कायम, *गुलजरीयादेवी यादव वि. वौवालालको मु.स. गर्ने गुञ्जेश्वरी यादव*

निवेदिका वादीका बाबु कुसुमलाल यादव माहिला र प्रतिवादी वौवालाल (मु.स. गर्ने गुञ्जेश्वरीदेवी) कान्छा भई वादी प्रतिवादी काका भतिजी नाताको रहेको देखियो । वादीका बाबुको मृत्युपश्चात् निजकी आमा ननुवती र यी प्रतिवादीबीच मिति २०२१।१२।२४ मा रीतपूर्वकको बण्डापत्र पारित गरी अलग-अलग भएका र ननुवतीको एक मात्र सन्तान यी निवेदिका वादी भएकोमा विवाद छैन । अपुतालीको २ नं. अनुसार मर्नेको कोही नभएमा मात्र सँगबसेका हकवाला वा त्यस्ता सँगबसेका हकवाला नभए अरू हकवालाले अपुताली पाउने हो । तर, प्रस्तुत विवादमा मर्नेको छोरी रहेकी अवस्थामा त्यस्तो सम्पत्तिको हक अरू हकवालामा सर्न नसक्ने अवस्थामा ननुवतीको अपुताली खाने आफू हकवाला भएको भनी यी प्रतिवादीले भाउजू ननुवतीको नामको जग्गा आफ्नो नाममा मिति २०५२।१०।१८ मा नामसारी गराएको देखिन्छ । प्रतिवादीले शुरू जिल्ला अदालतसमक्ष मिति २०५८।११।१४ मा अ.बं. १३३ नं. अनुसार कागज गर्दा ननुवतीको मृत्यु २०२६ असोजमा भएको भनी उल्लेख गरेको भई ३ वर्षभित्र यी प्रतिवादीले उक्त जग्गा नामसारी नगराई २०५२।१०।१८ मा मात्र नामसारी गराएको अवस्था छ । मुलुकी ऐन, छैठौं संशोधन २०३३।४।२८

ले यी प्रतिवादीको हक समाप्त गरी मर्नेको छोरीमा हक सर्ने भएकोमा यी प्रतिवादीले उक्त सम्पत्ति अपुताली परेको भनी नामसारी गराएको क्रियालाई यी वादीले चुनौती दिई दावी गरेकोमा त्यस्तो क्रियालाई कानूनी मान्यता दिई वादीको दावी हदम्यादविहीन भनी फिराद खारेज हुने भनी ठहर गरेको देखिन्छ । अपुतालीको २० नं. को प्रतिवादीलाई नलागेको हदम्याद वादीलाई मात्र लाग्दछ भन्न मिल्दैन । मुलुकी ऐन, छैठौं संशोधनले अपुतालीको हक मर्नेको छोरीले पाउने गरी व्यवस्था भई सम्पत्तिको हक स्वतः यी वादीमा हस्तान्तरण हुनसक्ने अवस्थामा पनि वादीका हकमा अपुतालीको २० नं. को हदम्याद आकर्षित हुने तर स्वतः हक सर्न नसक्ने अवस्थाको व्यक्तिको हकमा उक्त हदम्याद नलाग्ने अर्थ गरी फिराद दावी खारेज हुने ठहर गरेको फैसलामा *नेकाप* २०५६, असोज नि.नं. ६७३३, पृष्ठ ४१४ मा प्रतिपादित सिद्धान्तप्रतिकूल निर्णय भएको देखियो ।

साथै, यी वादीले सो सम्पत्ति पाउने ठहर गरी पुनरावेदन अदालत, राजविराजको मिति २०६१।१०।७ मा भएको फैसलाउपर प्रतिवादीको यस अदालतमा पुनरावेदन परेकोमा पुनरावेदन अदालतको फैसला उल्टी गरी फिराद खारेज हुने ठहर गरी मिति २०६६।११।१२ मा फैसला भएको देखियो । पुनरावेदन अदालतको फैसलामा तात्त्विक भिन्नता हुने गरी फैसला गर्दा त्यस्तो फैसलाबाट प्रत्यक्ष असर पर्ने पक्षलाई अ.बं. २०२ नं. बमोजिम झिकाई उचित सुनुवाइको मौका प्रदान गरी कानून, न्यायका मान्य सिद्धान्त तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको अनुशरण गरी स्वच्छ सुनुवाईको प्रत्याभूतिकासाथ प्रमाणबाट ठहरेबमोजिम निर्णयमा पुग्नुपर्नेमा अ.बं. २०२ नं. समेतको प्रयोग नै नगरी पुनरावेदन अदालतको फैसला उल्टी गरी वादी दावी खारेज हुने ठहर गरेको यस अदालतको मिति २०६६।११।१२ को फैसला *नेकाप* २०५६, असोज, नि.नं. ६७३२, पृष्ठ ४०९ मा प्रतिपादित सिद्धान्तविपरीत भई न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) को अवस्था विद्यमान देखिँदा प्रस्तुत मुद्दा पुनरालोकन गरी हेर्न निस्सा प्रदान हुने ।

इति संवत् २०७० साल साउन ६ गते रोज १ शुभम् ।

## रीत/वेरीत आदेश

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा,** ०७०-AP–०००६, उत्प्रेषणसमेत, *शंकरप्रसाद कानू वि. निर्वाचन समिति, नेपाल शिक्षक यूनियन, बारासमेत*

अदालतमा विचाराधीन रहेको रिट निवेदनमा परिस्थितिमा भएको परिवर्तनको कारण पुनः त्यसरी निवेदनमा अन्तरिम आदेशको लागि निवेदन दिन पाउने अवस्था विद्यमान हुँदाहुँदै पुनरावेदन अदालत, हेटौंडाबाट अन्तरिम आदेशलाई निरन्तरता दिनु नपर्ने भनी भएको मिति २०७०।३।२० को आदेशउपर मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिम पर्न आएको प्रस्तुत निवेदनको औचित्य नभएकोले प्रस्तुत निवेदनबाट कैफियत प्रतिवेदन माग गरिरहनु नपर्ने ।

इति संवत् २०७० साल साउन १३ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-AP-०५३९, ठगी, *रामकुमार यादवको हकमा चन्द्रिकादेवी यादव वि. नेपाल सरकार*

प्रतिवादी रामकुमार यादवलाई सप्तरी जिल्ला अदालतबाट मुलुकी ऐन, ठगीको महलको ४ नं. बमोजिम ३ (तीन) वर्ष कैद र बिगो रू. ४,८९,०००।- (चार लाख उनानब्बे हजार) जरीवाना भई सजाय भएको र निज शुरू अदालतमा हाजीर नभई फरार रहेको अवस्थामा त्यस्तो व्यक्तिको हकमा निजकी श्रीमतीले लिखित प्रतिवाद गर्न मुलुकी ऐन, अदालती बन्दोबस्तको ८३ नं. बमोजिम अनुमति पाऊँ भनी निवेदन दिएको देखियो ।

मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ८३ नं. को कानूनी व्यवस्थाबमोजिम अड्डा अदालतबाट कैद जरीवाना भई सजाय भएको

व्यक्तिको हकमा समर्पणको सिद्धान्तअनुरूप अन्य व्यक्तिले प्रतिवाद गर्न पाउने व्यवस्था रहे भएको नदेखिँदा मिति २०७०।२।१० मा भएको आदेश वेरीतको नहुँदा परिवर्तन गरिरहनु नपर्ने ।

इति संवत् २०७० साल असार ३१ गते रोज २ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०७० सालको रिट नं. ०७०-WO-०००१, उत्प्रेषणयुक्त परमादेश, *मोहनतारा पछाई वि. स्वास्थ तथा जनसंख्या मन्त्रालयसमेत*

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१(३) अनुसार दूर्गम क्षेत्रमा कम्तीमा दुई वर्ष पूरा नभई सामान्यतया सरूवा गरिने छैन भन्ने व्यवस्था रहेको साथसाथै निवेदकको उमेर ५१ वर्ष भएको भनी निवेदनमा उल्लिखित भएको देखिँदा नेपाल स्वास्थ्य सेवा (तेस्रो संशोधन) नियमावली, २०६८ को नियम ३१(ख) को देहाय (ङ) मा पचास वर्ष उमेर नाघेको कर्मचारीलाई निजले मागेको अवस्थामा बाहेक अति दूर्गम क्षेत्रमा सरूवा गरिने छैन भन्नेसमेत व्यवस्था रहेको देखिएकोले अर्को आदेश नभएसम्मको लागि मिति २०७०।३।२४ को सरूवा पत्रलाई कार्यान्वयन नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल साउन ९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-WO-१४०६, उत्प्रेषण, *राजकुमार शाहसमेत वि. नेपाल उद्योग मन्त्रालयसमेत*

उद्योग सञ्चालनका लागि बाधा नपर्ने भनी घरेलु तथा साना उद्योग कार्यालय, वीरगञ्जको मिति २०६९।५।२७ को प्रतिवेदनका आधारमा उद्योग सञ्चालन गर्न अनुमति दिने भनी जिल्ला प्रशासन कार्यालय, वीरगञ्जबाट मिति २०६९।५।२८ मा भएको निर्णयानुसार उद्योग सञ्चालन भैरहेकोमा घरेलु तथा साना उद्योग कार्यालयको मिति २०७०।३।२० को पत्रबाट उद्योग सञ्चालनमा रोक लगाइएबाट निवेदकलाई अपूरणीय क्षति पुग्न जाने स्थिति देखिएकाले प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म घरेलु तथा साना उद्योग कार्यालयको मिति २०७०।३।२० को पत्र कार्यान्वयन नगर्नु, नगराउनु र पूर्ववतघ् उद्योग सञ्चालन गर्न दिनु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असार ३१ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-WO-१४०१, उत्प्रेषण, *चिरञ्जीवी तिम्सिना वि. नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालयसमेत*

यसमा विपक्षी बैंकले यी निवेदकलाई दिएको मिति २०६९।११।३, २०६९।११।१५ र २०६९।१२।२२ को पत्रहरूमा प्रत्येक पटक भिन्नभिन्न किसिमका आरोप लगाइएकोमा निजले पेश गरेको स्पष्टीकरण के कति कारणले सन्तोषजनक नभएको हो सो सम्बन्धमा कारण तथा कानूनी आधारसमेत नखुलाई अवकाश दिएको एवं त्यस्ता आरोप लागेका कर्मचारीउपर कारवाही गर्दा राष्ट्र बैंकबाट बयान गराउने प्रक्रिया सम्बन्धमा विपक्षी बैंकका कर्मचारी सेवा विनियमावलीमा नभएको व्यवस्थासमेत अवलम्बन गरी तथा स्पष्टीकरण माग गर्दा लगाइएको आरोप र बर्खास्तीको आरोप एउटै हुनुपर्नेमा सो विपरीत हुने गरी निवेदकलाई सेवाबाट हटाउने गरी विपक्षी बैंकबाट २०६९।१२।३० मा र सोउपर परेको पुनरावेदनमा सञ्चालक समितिबाट मिति २०७०।३।६ मा भएको निर्णयबाट निवेदकलाई अपूरणीय क्षति पुग्न गएको देखिँदा सुविधा सन्तुलनको दृष्टिकोणबाट विपक्षी इन्टरनेशनल डेभलपमेन्ट बैंक लिमिटेडको मिति २०६९।१२।३० र सञ्चालक समितिको मिति २०७०।३।६ को निर्णय यस रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनु र निवेदकलाई साविकबमोजिमको पदमा हाजीर गराई कामकाज गर्न दिनु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असार ३१ गते रोज २ शुभम् ।

# सर्वोच्च अदालतका नियमित प्रकाशनहरू

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजीर संग्रह, २०६३
- विषयगत नजीर संग्रह, २०६६
- विषयगत नजीर सारसंक्षेप संकलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

  भाग १: संवैधानिक कानून
  भाग २: सार्वजनिक सरोकार
  भाग ३: मानव अधिकार तथा लैगिक न्याय
  भाग ४: देवानी कानून: सम्पत्ति
  भाग ५: देवानी कानून: पारिवारिक
  भाग ६: फौजदारी कानून: सरकार वादी
  भाग ७: फौजदारी कानून: दुनिया वादी
  भाग ८: कार्यविधि कानून: देवानी
  भाग ९: कार्यविधि कानून: फौजदारी
  भाग १०: उद्योग, वाणिज्य र कर
  भाग ११: राष्ट्रसेवक कर्मचारी

- न्यायपालिकाको दोस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अंग्रेजी अनुवाद (वार्षिक)

  - अंग्रेजी अनुवाद २००३ (Volume I)
  - अंग्रेजी अनुवाद २०१० (Volume II)
  - अंग्रेजी अनुवाद २०११ (Volume III)
  - अंग्रेजी अनुवाद २०१२ (Volume IV)